मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## रौतहटकी छोरी देशकै 'सर्वोत्कृष्ट प्रहरी'

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) रागनी कुमारी यादव देशकै 'सर्वोत्कृष्ट प्रहरी' घोषित भएकी छन् ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानका अवसरमा नेपाल प्रहरीले देशभरिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा कार्यरत कर्मचारीबाट उत्कृष्ट छनोट गर्ने क्रममा रौतहटकी असई यादवलाई पहिलो स्थान प्राप्त भएको हो ।

काठमाडौँमा आयोजित विशेष समारोहमा प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले असई यादवलाई ४० हजार रुपैयाँ नगद पुरस्कार र प्रशंसापत्र प्रदान गर्दै सम्मान गरे । उनी जिल्ला प्रहरी कार्यालय रौतहटमै कार्यरत छिन् ।

असई यादवले लैङ्गिक हिंसा न्यूनीकरण, पीडित मैत्री सेवा प्रवाह र लैङ्गिक उत्तरदायी प्रहरी सेवा प्रभावकारी रूपमा सञ्चालन गर्न महत्वपूर्ण योगदान पु¥याएको उत्कृष्ट कर्मचारी छनोट समितिले जनाएको छ । विभागीय नीतिको सफल कार्यान्वयन र संवेदनशील मुद्दामा पेशागत समर्पणका आधारमा उनलाई राष्ट्रियस्तरमै पहिलो बनाइएको समितिले जानकारी दिए ।

वर्ष ४ • अंक २१ • २०८२ साल मंसिर १६ गते मंगलबार • Tuesday 02, December 2025 • सूर्योदय: बिहान ०६:३६ बजे • सूर्यास्त: साँझ ५:११ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

# मुख्यमन्त्रीलाई सकसः
# १६ घण्टा बहस, २४ घण्टामा नभए तहसनहस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपालीमा भनाइ छ, 'दशाले घेरेपछि कुखुराको चल्ला मर्नबाट शुरु हुन्छ र अन्त्यमा घरै सकिन्छ, त्यसैले बेलैमा दोष, काल हटाउने पूजापाठ गर्नुपर्छ ।' यस्तै भइरहेको छ मधेश प्रदेशका एक महिने मुख्यमन्त्री सरोजकुमार यादवलाई । अझ सोमबार सर्वोच्चले दिएको आदेश अनुसार त उनलाई मुख्यमन्त्री हुन एक महिना पनि समय भएन, मंगलबार एक दिन मात्रै समय छ अर्थात् मंसिर १६ गतेसम्म । १७ गतेदेखि उनी निवर्तमान मुख्यमन्त्री हुनेछन् ।



सर्वोच्च अदालतले मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवलाई २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएको छ । सोमबार सर्वोच्च अदालतले मुख्यमन्त्री यादवले २४ घण्टाभित्र विश्वासको मत प्राप्त गर्न नसके संविधानको धारा १६८ को २ बमोजिम सरकार गठन गर्न परमादेश जारी गरेको छ ।

गैरसंवैधानिक ढंगले मुख्यमन्त्रीमा यादवको नियुक्ति भएको भन्दै ७३ सांसदले पेश गरेको रिट निवेदनमा सर्वोच्च अदालतका न्यायाधीशद्वय हरिप्रसाद फुयाँल र नित्यानन्द पाण्डेको संयुक्त इजलासले यस्तो आदेश गरेको हो । मुख्यमन्त्रीविरुद्ध परेको रिटमा मंसिर ११ गतेदेखि बहस शुरु भएको हो । हेर्दाहेर्दैमा पर्दै मंसिर ११, १२, १४ र १५ गते बिते, बीचमा शनिबार कटाउँदा पनि १६ घण्टा अदालत धाउँदैमा, कुर्दैमा, तर्क गर्दैमा बिते । अन्तिममा फैसला आयो, 'सक्छौ २४ घण्टामा विश्वासको मत लेऊ, नसके छाडिदेऊ, अर्को सरकार बनाउने बाटो देऊ । अर्थात् १६ घण्टा बहसले मुख्यमन्त्री सकसमा परेका छन् । प्रदेश प्रमुख सुमित्रा सुवेदी र सभामुख रामचन्द्र मण्डललाई गुमाउँदै तीन सातामै मुख्यमन्त्री पनि पदमुक्त हुने अवस्था बनेको मात्रै छैन, मधेशको राजनीतिमा नेकपा एमालेको तत्कालको सत्तायात्रा नै तहसनहस पार्ने काममा सरोजकुमार यादवको नाम धेरैपछिसम्म मधेश र देशका जनताले सम्झिरहनेछन् ।

# सरकारको अस्तव्यस्तताले
# बजेट खर्च १ प्रतिशतमा सीमित

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशमा सरकारको अस्तव्यस्ता र जेन्जी आन्दोलनका कारण देशमा विकास बजेट खर्चमा गति आउन सकेको छैन । चालुतर्फ करिब ९ प्रतिशत बजेट खर्च भएको छ भएको छ पुँजीगततर्फ करिब १ प्रतिशत बजेट मात्रै खर्च भएको मधेश प्रदेश लेखा नियन्त्रणकको कार्यालयले जनाएको छ । मधेश प्रदेशको प्रदेश सभा, मुख्यन्याधिवक्ताको कार्यालय, गृह तथा सञ्चार मन्त्रालय, खेलकुद तथा समाज कल्याण मन्त्रालय, प्रदेश नीति आयोगको पुँजिगत खर्च शून्य छ ।

आर्थिक वर्ष २०८२–८३ मा सरकारको चालुतर्फ १६ अर्ब ७२ करोड ५ लाख १७ हजार रुपैयाँ बजेट छ भने कार्तिकसम्ममा १ अर्ब ५५ करोड २३ लाख २८ हजार ६ सय ५० रुपैयाँ खर्च भएको छ । त्यसैगरी पुँजीगततर्फ ३० अर्ब २६ करोड २८ लाख ३४ हजार रुपैयाँ रहेकामा ४० करोड ३५ लाख ९ हजार ५७ रुपैया मात्रै खर्च भएको छ । यो करिब १ प्रतिशत मात्रै हो ।

प्रदेश लोक सेवा आयोगको १.१८ प्रतिशत, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको १.१७ प्रतिशत, अर्थ मन्त्रालयको ८ प्रतिशत, उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको ०.२० प्रतिशत, भूमि व्यवस्था कृषि सरकार मन्त्रालयको ०.६७ प्रतिशत, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको २ प्रतिशत, वन तथा वातावरण मन्त्रालयको ०.८७ प्रतिशत, भौतिक पूर्वाधार विकास मन्त्रालयको १.८३ प्रतिशत, शिक्षा तथा संस्कृति मन्त्रालयको ०.०६७ प्रतिशत र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ०.२४ प्रतिशत पुँजीगत खर्च भएको छ ।

आर्थिक वर्ष शुरु भएको करिब ४ महिना बितिसकेको भए पनि प्रदेश सरकारमा राजनीतिक

*समाचार पृठ २ मा*

# कांग्रेस महाधिवेशन पुस २६ गतेदेखि हुने

**मधेशदृष्टि**
**ललितपुर ।**
नेपाली कांग्रेसले पार्टीको केन्द्रीय महाधिवेशन आगामी पुस २६ देखि २८ गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ । कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा सोमबार बसेको केन्द्रीय समितिको बैठकले पुस २६ देखि तीन दिनसम्म हुने गरी महाधिवेशनको मिति तोकेको प्रवक्ता डा प्रकाशशरण महतले जानकारी दिए ।



असोज २८ गतेदेखि जारी केन्द्रीय समितिको सोमबार सम्पन्न बैठकको निर्णय जानकारी गराउँदै पार्टी प्रवक्ता डा महतले केन्द्रीय महाधिवेशन तयारी प्रक्रियाअन्तर्गत मङ्सिर २० गतेभित्रको समय सीमाभित्र क्रियाशील सदस्य वितरण गर्ने गरी कार्यतालिका स्वीकृत भएको बताए ।

'मङ्सिर २४ गतेसम्म क्रियाशील सदस्यता नवीकरण टुङ्गोमा पुऱ्याउने र पुस ८ गतेसम्म नयाँ क्रियाशील सदस्यसम्बन्धी सबै काम सम्पन्न गर्ने तालिका तय भएको छ, नयाँ क्रियाशील सदस्य वितरणमा समावेशी, युवा तथा पार्टीमा प्रवेश गरेकालाई समेट्ने निर्णय भएको छ,' उनले भने । पार्टीको निर्णयअनुसार आगामी पुस १५ गतेभित्र जनसम्पर्क समितिको अधिवेशन सम्पन्न गर्ने, पुस १६ गते गाउँ तथा नगर वडा अधिवेशन, पुस १७ गते गाउँ तथा नगरपालिका अधिवेशन, पुस १९ गते प्रदेश क्षेत्रीय अधिवेशन, पुस २१ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लाको समेत अधिवेशन हुने भएको छ ।

त्यस्तै, पुस २२ गते एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाको अधिवेशन तथा पुस २३ र २४ गते सातै प्रदेश अधिवेशन गर्ने निर्णय भएको छ । यसैगरी, सोमबारको बैठकले मङ्सिर २३ गतेदेखि सकिने केन्द्रीय समितिको म्याद माघ महिनाको अन्त्यसम्म थप गर्ने निर्णय गरेको प्रवक्ता डा महतले जानकारी दिए ।

# एनपिएलः सुदूरपश्चिम प्ले अफमा, काठमाडौँ र विराटनगर प्ले अफ नजिक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रिमियर लिग (एनपिएल) दोस्रो सिजन मध्यमा आएपछि अंकतालिका निकै रोमाञ्चक बनेको छ । १९औँ खेलमा काठमाडौँ गुर्खाजले कर्णाली याक्सलाई पाँच विकेटले पराजित गरेपछि शीर्ष स्थानका टोलीबीचको प्रतिस्पर्धा झनै बढ्ने देखिन्छ ।

अपराजित सुदुरपश्चिम रोयल्स १० अंकसहित तालिकाको शीर्षमा छ र प्लेअफ प्रवेश सुनिश्चित गर्ने पहिलो टोली बनेको छ ।

काठमाडौँ गुर्खाजले जितसँगै कुल ८ अंक जोडेको छ र उत्कृष्ट रनरेटका आधारमा दोस्रो स्थानमा उक्लिएको छ । समान ८ अंक भएको विराटनगर किंग्स भने कमजोर रनरेटका कारण तेस्रो स्थानमा छ, जसले दोस्रो–तेस्रो स्थानबीचको प्रतिस्पर्धालाई थप कडा बनाएको छ ।

चितवन राइनोज र लुम्बिनी लायन्स दुबै ४–४ अंकमा रहे पनि रनरेटका आधारमा चितवन चौथो र लुम्बिनी पाँचौँ स्थानमा छन् । चितवनले एक खेल कम खेलेकाले प्ले अफ सम्भावनामा अझै मजबुत देखिन्छ । कर्णाली याक्स र पोखरा एभेन्जर्सको दुई–दुई अंक छ । कर्णाली छैटौँ, पोखरा सातौँ र अझै अंक खोल्न नसकेको जनकपुर बोल्टस पुछारमा छ । जनकपुरका लागि बाँकी खेल अब 'कर–अथवा–मर'को अवस्थामा पुगेको छ ।

मंसिर १ देखि २७ गतेसम्म कीर्तिपुरस्थित त्रिवि मैदानमा जारी एनपिएलमा ३२ खेल हुनुपर्ने छ । सोमबार विश्राम दिइएको एनपीएल मंगलबारदेखि पुनः दुई खेलसहित जारी हुनेछ, जहाँ पहिलो खेलमा जनकपुर बोल्टस र चितवन राइनोज तथा दोस्रो खेलमा पोखरा एभेन्जर्स र कर्णाली याक्स प्रतिस्पर्धा गर्नेछन् ।

आठ फ्रेन्चाइज टोली सहभागी रहेको प्रतियोगितामा अब बाँकी खेलहरूले प्लेअफ प्रवेशको तस्विर झनै स्पष्ट बनाउँदै लैजाने छ ।



# मानसिकरुपमा कमजोरको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं. २५, बहुवरी ड्राइपोर्ट चोकबाट सोमबार दिउँसो ३ बजे आफ्नो नाम थर प्रष्ट बताउन नसक्ने र मानसिक अवस्था कमजोर पुरुषलाई मानवसेवा आश्रम वीरगंज शाखाले उद्धार गरेको छ । उद्धार गरिएको व्यक्तिको उमेर करिब ३५ वर्ष अनुमान गरिएको छ । उद्धार कार्यक्रममा मानवसेवा आश्रम वीरगंजका संस्थापक देवेश गुप्ता, आश्रमकी संयोजक मुना मगर, आश्रममा सेवारत प्रहरी जवान नगेश्वर यादव र प्रहरी चौकी श्रीसियाका प्रहरीहरू उपस्थित थिए । आश्रममा ल्याएपछि उद्धार गरिएका व्यक्तिको सरसफाइ गरी नुहाइधुहाइ गरिएको छ । यसपछि डाक्टर भरत गोईतको निगरानीमा औषधि उपचारको व्यवस्था गरिएको छ ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

**काठमाडौं ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको गिरावट देखिएको छ । सोमवार नेप्से परिसूचक चार दशमलव २८ अङ्कले घटेर दुई हजार ६४५ दशमलव २४ को विन्दुमा कायम भएको हो।

आज ३२५ कम्पनीको एक करोड आठ लाख ६० हजार ८२८ कित्ता शेयर ६० हजार ६२० पटक खरिदबिक्री हुँदा चार अर्ब ७१ करोड ६३ लाख ८३ हजार ५८० रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ। आजको कारोबारमा विकास बैङ्क शून्य दशमलव २६, वित्त शून्य दशमलव ९१, जलविद्युत् शून्य दशमलव २२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३० र लघुवित्त शून्य दशमलव ६१ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ।

बैङ्किङ शून्य दशमलव ६८, होटल तथा पर्यटन शून्य दशमलव ०४, लगानी शून्य दशमलव ७३, जीवन बीमा शून्य दशमलव ५१, म्युचुअल फन्ड शून्य दशमलव १७, व्यापार शून्य दशमलव १० र अन्य समूह शून्य दशमलव १८ प्रतिशतले घटेको छ।

आजको कारोबारमा सागर डिस्टिलरी लिमिटेड, स्वस्तिक लघुवित्त वित्तीय संस्था लिमिटेड र झापा इनर्जी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धैरै गुमाउनेमा भने निफ्रा ग्रिन इनर्जी डिबेञ्चरको शेयर मूल्य नौ दशमलव ५१ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धैरै युनाइटेड मोदी हाइड्रोपावर लिमिटेडको २७ करोड १० लाख तीन हजार १८० रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धैरै सिद्धार्थ इक्विटी फन्डको सात लाख ६५ हजार कित्ता शेयर किनबेच भएको छ। रासस

# सरकारको अस्तव्यस्ताले बजेट खर्च...

रुपमा देखिएको अस्थीरताको कारणले पुँजीगत बजेट खर्चमा समेत आएको छ । अर्कातर्फ जेन्जी आन्दोलनको कारणले समेत प्रदेशको धैरै जसो मन्त्रालयमा भएको क्षति र तोडफोडको कारणले गर्दा समेत मन्त्रालयमा अस्तव्यता देखिएको छ ।

प्रदेशको कतिपय सरकार कार्यालयमा समेत तोडफोड र आगजनी भएकाले समेत ती कार्यालयमा समेत अस्तव्यस्ताको अवस्था छ । त्यसले समेत बजेट खर्चमा समस्या देखिएको छ ।

संघीय सरकारले खर्च कटौतीका लागि पठाएको निर्देशनपछि पनि कर्मचारीहरु अलमलमा परेको र कतिपय विषय मन्त्रिपरिषद्बाट फुकाउनुपर्ने अवस्था देखा परेको तथा सरकार अस्थिर रहेका कारण समस्या आएको अर्थ मन्त्रालय जनाएको छ ।

खर्चका लागि कतिपय मन्त्रालयको निर्देशिकासमेत तयार नरहेको र केही कुरालाई मन्त्रिपरिषद्बाट फुकाउनु पर्ने र वर्तमान सरकारलाई दीर्घकालीन निर्णय गर्न सर्वोच्चले रोक लगाएपछि ती कामसमेत अगाडि बढ्न सकेको छैन ।

अर्थ मन्त्रालयका सूचना अधिकारी अँशुकुमार झाले भने, 'बजेट खर्चको लागि लाइन एन्जेसीले काम गर्ने हो तर ती कार्यालयहरु नै अस्तव्यस्ताको अवस्थामा रहेको कारणले खर्चमा सुधार आउन सकेको छैन ।' उनले विगतको परिपाटीसमेत आर्थिक वर्षको बीचमा बजेट खर्चमा गति आउने गरेकाले गर्दा समेत अहिले विस्तारै सुधार आउने बताए । उनले भने, 'कतिपय मन्त्रालयले खर्चको निर्देशिकासमेत बनाउन सकेको छैन, मन्त्रीहरु मन्त्रालयमा छैनन्, सरकार नै अस्तव्यस्त छ, त्यसले केही न केही प्रभाव परेको छ, विस्तारै सुधार हुँदै जान्छ ।'

# जेन्जी सहिदः नयाँ बानेश्वरमा ढलेको सपना...

**काठमाडौँ।**
काठमाडौँका स्थायी बासिन्दा २७ वर्षे ईश्वतबहादुर अधिकारी हत्तपत्त राजनीतिक विरोध प्रदर्शनमा जान्थे । सानैदेखि अध्ययनमा अब्बल उनले जेन्जी पुस्ताले उठाएका मुद्दालाई भने नजिकबाट नियालिरहेका थिए । मुलुकमा व्याप्त भ्रष्टाचार, अनियमितता, परिवारवाद र मुलुकको बिगँ्रदो अवस्थाले भने ईश्वतलाई पिरोलिरहेको थियो।

आमनेपाली युवा पुस्ता पनि ईश्वत जस्तै मुलुकको अवस्थाबाट चिन्तित थिए । युवाहरुले जेन्जी पुस्ताका नामबाट तत्कालीन सरकारलाई खबरदारी गर्ने उद्देश्यले गत भदौ २३ गते राजधनीमा 'भद्र' विरोध आयोजना गरे । ईश्वतलाई पनि सो कार्यक्रमले ध्यान खिच्यो। त्यसदिन बिहानै ९ बजेदेखि नै युवाहरु माइतीघर क्षेत्रमा जम्मा भइरहँदा उन भने घरै थिए। परिवारसहित टेलिभिजनबाट विरोध प्रदर्शनको प्रत्यक्ष प्रसारण हेरिरहेका थिए।

आन्दोलनमा सहभागीको सङ्ख्या बढ्दै थियो । नवयुवाहरु आर्थिक समृद्धिमार्फत मुलुकको भविष्य बदल्नुपर्छ भन्ने भावनाका साथ आन्दोलनमा होमिएका थिए । ईश्वतलाई अब टेलिभिजनबाट हेरेर मात्रै पुग्दैन मैदानमा उत्रनुपर्छ भन्ने मनमा लाग्यो । परिवारका सदस्यसँग भने 'अब म आन्दोलनमा जान्छु ।' बुबा ईश्वरबहादुरले 'बाबु, कफ्र्यू लागिसक्यो, तँ आन्दोलनमा नजा' भने। तर उनको मन मानेन। आन्दोलनमा सहभागी भएरै छाड्ने जिद्दी गरे। सरकारप्रति उनि रुष्ट थिए। नेपालमा केही हँुदैन। जति गरे पनि केही छैन । देशको अवस्था राम्रो छैन। सोझो तालले केही हुन्न । अब विदेश जाने र परिवारको समृद्धि खोज्ने उनको सपना थियो।

छोरा एक्लै आन्दोलनमा जान खोजेपछि बुबाले पनि सँगै जाने भने । मुटुको बिरामी भएकाले छोराले बुबालाई सँगै लान चाहनुभएन। ईश्वत करिब १ बजे 'पठाओ' चढेर आन्दोनल भइरहेको क्षेत्रतर्फ गए।

अपराह्न करिब २ बजेर १२ मिनेटमा ईश्वतले बुबालाई फोन गरे। फोनमा भने, 'म नयाँ बानेश्वर चोकमा छु, मेरा अगाडि पाँच÷छ जना गोली लागेर ढलेका छन् । बुबाले छोरालाई 'तँ बच है' भने। त्यसपछि छोराको कुनै जवाफ आएन। त्यति नै बेला ईश्वतलाई पनि गोली लागेको हुनसक्ने बुबाको अनुमान छ।'

बुबालाई टेलिफोनमा छोराको जवाफ नआएपछि मनमा झस्को पस्यो । उनको आँखा टेलिभिजनमा भए पनि ध्यान छोरा कहाँ गयो भन्नेमा थियो । टेलिभिजनमा प्रस्तोताले बोलिरहेका थिए–नयाँ बानेश्वर क्षेत्रमा गोली चल्यो, घाइतेलाई



सिभिल लगायतका अस्पतालमा लैगिँदैछ।

आधा घण्टासम्म छोराको फोन नआएपछि बुबाले लगातार छोराको मोबाइलमा फोन गरे। निकै पछि अपरिचत व्यक्तिले फोन उठायो। तपाईं को हो ? भनेर सोध्यो । म ईश्वतको बुबा हो भनेपछि तुरुन्त ट्रमा सेन्टरमा आउनुस् भन्ने जवाफ पाए। ईश्वरबहादुरले टेलिफोनमै, के गोली लाग्यो भनेर सोध्नुभयो । अस्पतालमा छिटो आउनुस् भन्ने जवाफले उनमा शङ्का बढायो।

ट्रमा सेन्टरमा पुग्दा त्यहाँ छ÷सात जनाको शव थियो। सबैको अनुहार हेर्दै जाँदा शवको भीडमा ईश्वतको पनि शव भेटियो । आन्दोलनका क्रममा मृत्यु भएको पुष्टि भयो । त्यसपछि ईश्वतसँगै अन्य मृतकको शव पनि त्रिवि शिक्षण अस्पतालको शवगृहमा लगियो । शव परीक्षणपश्चात् आठौँ दिनको दिन बल्ल ईश्वतको दाहसंस्कार गरियो।

शारीरिक रुपमा फुर्तिलो, जिम गरेर शरीर चुस्त–दुरुस्त बनाउने अभ्यासमा रुचि राख्ने अधिकारी फुटबल, बक्सिङ र टेबुलटेनिस खुब खेल्नुहुन्थ्यो। ईश्वत अधिकारी परिवारका कान्छा छोरा थिए । अधिकारी परिवार पछिल्लो समय बालाजु ढुङ्गेधारा क्षेत्रमा बस्दै आएको थियो। विसं २०५५ साउन ११ गते थापाथली प्रसूति गृहमा जन्मिएका अधिकारी मनोविज्ञान र अङ्ग्रेजीमा स्नात्तकोत्तर तथा व्यवस्थापन सङ्कायमा पनि स्नातकोत्तर गर्दै थिए।

ईश्वतले उपयुक्त रोजगारी नदेखेपछि विदेश जानुपर्छ भन्ने सोच बनाएका थिए । अमेरिका जाने तयारी गरे। त्यहाँको सफल नभएपछि तिहारपछि बेलायत जाने तयारी गरेका भएको थिए।

उनका दाजु पनि 'इनअफ इज इनअफ'का अभियन्ता नै छन। त्यस दिन दाजु मनाङमा थिए । जेन्जीको एउटा समूहले ईश्वतको दाजुलाई विरोधको नेतृत्व गर्न आग्रह गरेका थिए । उनी मुलुकको अवस्थाबाट दिग्दार भएर घुम्न निस्केको परिवारको भनाइ छ।

ईश्वतको परिवारले आइतबार मात्रै प्रधानमन्त्री सुशीला कार्कीसँग भेटेर जेन्जी सहिदको भावनालाई सम्बोधन गर्न अनुरोध गरे। त्यसमा प्रधानमन्त्री अत्यन्त सकारात्मक थिए। हामी आशावादी छौँ । हाम्रै छोराछोरीको बलिदानबाट अहिलेको सरकार बनेको हो । सरकारलाई कानुनले अप्ठ्यारो पारेको छ भन्ने बुबा ईश्वरलाई लागेको छ।

पीडित परिवारका तर्फबाट हामीले शिक्षा, रोजगारी, पहिचान कार्ड, पेन्सन, बिमालगायतको न्यूनतम् माग पूरा गर्न सरकारको ध्यानाकर्षण गराएका छौँ । राजनीति अझै अप्ठेरो छ । सत्ताको नेतृत्व गर्नुपर्नेमा सरकार पनि प्रतिपक्ष जस्तो भएको छ। जेन्जीमा नेतृत्व गर्ने खालका नेता भएन । सरकारले काम गर्न खोजेको छ, कर्मचारीले रोक्न खोजिरहेको छ। तीन महिना भयो। गृहमन्त्री पनि पक्षमै छन। कानुनले अल्झायो। सरकारले बाटो, खेलकुद भवन, रङ्गशाला पनि जेन्जी सहिदको नाम राख्नुपर्छ।

आमा अन्जनाका अनुसार ईश्वतको मनपर्ने परिकार आजभोलि घरमा पाक्न छाडेका छन् । ईश्वतले मःमः र मासुका परिकार खुबै मन पराउथे । आमासँग खुलेरै भलाकुसारी गर्ने, सरसल्लाह लिने उनको स्वभाव थियो।

जेन्जी सुशासन योद्धा ईश्वतका नजिकका साथी निराजन शाही सजिलो साथी गुमाउनुपर्दा भावविह्वल छन। उनको नजरमा ईश्वत पढाइमा अब्बल, सरल, मिलनसार र निडर स्वभावको थिए । जेन्जी आन्दोलनको अघिल्लो दिन उनिहरु दुवै जना गोदाबरी घुम्न गएका थिए। त्यस क्रममा ईश्वतले भोलि आफू आन्दोलनमा जाने बताएका थिए।रासस

# बाघको आक्रमणबाट घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका–३ झुलिटारमा सोमबार बिहान घाँस काट्ने क्रममा बाघको आक्रमणबाट एक महिला गम्भीर घाइते भएकी छन् । स्थानीय ५५ वर्षीया शान्तामाया श्रेष्ठ घाँस काट्न जंगल पसेकी बेला बाघले अचानक आक्रमण गरेको प्रहरीले जनाएको छ । प्रत्यक्षदर्शीका अनुसार गाउँ नजिकै रहेको सबैया साझेदारी बनअन्तर्गत चिसापानी जंगल क्षेत्रमा उनी साथीहरूसँग घाँस काटिरहेका बेला बाघ झम्टिएको हो । साथीहरूले चर्को आवाज गर्दै त्रास उत्पन्न गराएपछि बाघ भागेको बताइएको छ । आक्रमणबाट शान्तामाया श्रेष्ठको गाला, मुख, घाँटी र आँखामा गम्भीर चोट लागेको छ । उनको वीरगंजस्थित नेसनल मेडिकल कलेजमा उपचार भइरहेको स्थानीय बिक्रम कार्कीले जानकारी दिए ।

# मौद्रिक नीतिको सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरताः केन्द्रीय बैंक

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको मौद्रिक नीतिको लचिलो कार्यदिशालाई पहिलो त्रैमासिक समीक्षामार्फत निरन्तरता दिइएको केन्द्रीय बैंकले जनाएको छ । नेपाल राष्ट्र बैंकले सोमवार मौद्रिक नीति २०८२/८३ को समीक्षा सार्वजनिक गर्दै थप खुकुला प्रावधान ल्याएको जनाएको हो ।

जेन्जी आन्दोलनपश्चात बनेको सरकारले सुशासन सुदृढ गर्दै व्यावसायिक वातावरण अनुकूल बनाउन गरेका नीतिगत प्रयास र केन्द्रीय बैंकले अवलम्बन गरेको मौद्रिक सहजताबाट अर्थतन्त्र क्रमशः सुदृढ हुँदै जाने अनुमान गरिएको समीक्षामा उल्लेख छ ।

'अन्तरराष्ट्रिय साख रेटिङ एजेन्सी फिच ग्रुपले हालै सम्पन्न गरेको नेपालको सार्वभौम साख रेटिङमा गत वर्षकै रेटिङ 'डबल बी माईनस'लाई निरन्तरता दिएको छ । आन्दोलनको क्रममा केही होटलमा क्षति भए पनि नेपालको शान्ति सुरक्षामा पर्यटक आश्वस्त देखिएकाले बाह्य पर्यटक आगमन बढेको छ', मौद्रिक नीतिको समीक्षामा भनिएको छ । नेपाल पर्यटन बोर्डबाट प्राप्त विवरणअनुसार सन्



२०२४ को १० महिनामा नौ लाख ४१ हजार बाह्य पर्यटक भित्रिएकामा सन् २०२५ को सोही अवधिमा करिब नौ लाख ४४ हजार बाह्य पर्यटक भित्रिएका छन् ।

त्यस्तै, जलविद्युत् उत्पादनमा उल्लेख्य प्रगति भई पछिल्लो तीन महिनामा मात्र ३०९ दशमलव दुई मेगावाट जलविद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । सरकारले चालु खर्च नियन्त्रण गर्दै पुँजीगत खर्चतर्फ मूलतः तयारी नपुगेका र साना आयोजना कटौती गरी राष्ट्रिय प्राथमिकताप्राप्त र सम्पन्न हुने चरणमा रहेका आयोजनाको कार्यान्वयन एवं क्षतिको पुनःनिर्माणमा प्राथमिकता दिएकाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएको छ ।

धानलगायत वर्षेवाली लगाउने समयमा मनसुन ढिलो सुरु भएको र त्यसको केही अन्तरालमा भारी वर्षा भएको कारण बाढी–पहिरोले कृषिलगायत क्षेत्र प्रभावित भएका छन् । राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको आर्थिक वृद्धि लक्ष्यभन्दा केही कम रहने प्रारम्भिक अनुमान छ ।


पछिल्ला महिनामा भारतमा उपभोक्ता मुद्रास्फीति लक्ष्यभन्दा न्यूनस्तरमा रहँदै आएको छ । आर्थिक वर्ष २०२५/२६ मा भारतको मुद्रास्फीति दुई दशमलव ६ प्रतिशतमा सीमित हुने भारतीय रिजर्भ बैंकको प्रक्षेपण छ । अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा थप सहजता आउने प्रक्षेपण छ ।

'आन्तरिक उत्पादनतर्फ धानलगायत वर्षेवालीको उत्पादन केही कम हुनुको साथै आगामी निर्वाचनमा हुने खर्चले मुद्रास्फीतिमा केही चाप पार्ने देखिन्छ ।

फलस्वरूप आर्थिक वर्ष २०८२/८३ मा औसत उपभोक्ता मुद्रास्फीति चार प्रतिशतको हाराहारीमा रहने प्रक्षेपण छ', राष्ट्र बैंकले भनेको छ ।

केन्द्रीय बैंकका अनुसार वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या क्रमिक रूपमा बढ्दै गएको छ । आयातको तुलनामा विप्रेषण आप्रवाहको विद्यमान प्रवृत्ति कायम रहेमा चालु आर्थिक वर्षको बाँकी अवधिमा विदेशी विनिमय सञ्चिति सुविधाजनक स्तरमै रहने अनुमान छ । बैंकिङ क्षेत्रमा अधिक तरलता र न्यून ब्याजदरको अवस्था कायमै छ । निक्षेप तथा कर्जाका भारित औसत ब्याजदर निरन्तर घट्दै गएका छन् । तथापि, निक्षेपको भारित औसत वास्तविक ब्याजदर भने धनात्मक नै रहेको छ ।

बैंक तथा वित्तीय संस्थाको निष्क्रिय कर्जा अनुपात बढ्दै गए पनि औसत पुँजी पर्याप्तता अनुपात तोकिएको न्यूनतम सीमाभन्दा बढी रहेको छ । मुद्रास्फीति तथा विदेशी विनिमय सञ्चितिको पछिल्लो अवस्था र वित्तीय क्षेत्रलगायत अर्थतन्त्रको उपर्युक्त परिदृश्यको आधारमा आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिको सजगतापूर्ण लचिलो कार्यदिशालाई निरन्तरता दिई केही नियामकीय व्यवस्थामा परिमार्जन गरिएको राष्ट्र बैंकले जनाएको छ ।रासस


दर्ता नं. ६०७/०६८/०६९
पान नं. ३०५६११८९९
सहकारी ऐन बमोजिम स्थापित
कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.
Kohinoor Saving And Credit Co-operative Society Ltd.

मितिः- २०८२/०७/२१

प्रथम पटक प्रकाशित
१५औं बार्षिक साधारण सभा बारे सुचना

कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.वीरगंज १५,पर्साको मिति २०८२/०७/२० गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम संस्थाको १५औं बार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका २०७६ संशोधित २०७७ तथा संस्थाको विनियम बमोजिम तपशिलमा उल्लेखित साधारण सभाको कार्यसुची अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुदाँ तपशिलको मिति,समय र स्थानमा उपस्थितिको लागि सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सुचना सम्प्रेषण भईरहेको छ । कुनै कारणबश अन्य माध्यमबाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितिको लागी हार्दिक अनुरोध गरिन्छ ।

साधारण सभाका कार्यसुचीहरु
१. १४ औं बार्षिक साधारण सभाका निर्णयहरु समिक्षा गर्ने सम्वन्धमा ।
२. संचालक समितिको तर्फबाट अध्यक्षज्युको प्रतिवेदन सम्वन्धमा ।
३. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्वन्धमा ।
४. आ.व.२०८१/०८२ को बार्षिक लेखापरिक्षण प्रतिवेदन पारित गर्ने सम्वन्धमा ।
५. आ.व.२०८१/०८२ मा संचालक,लेखा तथा बिभिन्न उपसमितिहरुले गरेको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।
६. आ.व. २०८१/०८२ को आम्दनी र खर्च पारित गर्ने सम्वन्धमा ।
७. आ.व.२०८२/०८३ को प्रस्तावित बार्षिक निति,कार्ययोजना तथा बजेट पारित गर्ने सम्वन्धमा ।
८. आ.व.२०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
०९. शेयर पुंजी बृद्धि सम्वन्धमा ।
१०. रणनीति, नीति, निर्देशिका एवं कार्यविधि संसोधन तथा तर्जुमा गर्ने सम्वन्धमा ।
११. साधारण सभाको बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन गर्ने सम्वन्धमा ।
१२. लिलामी सकार गरेको सम्पति बिक्री सम्वन्धमा ।
१३. खराब कर्जा असुली योजना सम्वन्धमा ।
१४. नियमनकारी निकायको अनुगमन प्रतिवेदन सम्वन्धमा ।
१५. संचालक समितिको रिक्त रहेको पदको पुर्ति सम्वन्धमा ।
१६. विविध सम्वन्धमा ।

तपशिल
मितिः- २०८२/०८/२६,शुक्रबार
समयः- अपरान्ह ३ बजे देखि
स्थानः- होटल भिस्वा, वीरगंज १५ पर्सा

साधारण सभा सम्वन्धी अन्य जानकारी
- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा २०८२/०८/१९ गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नुपर्ने जानकारी समेत गराईन्छ ।
- साथै साधारण सभा सम्वन्धी सुचना कार्यालयको सुचना पाटी, संस्थाको आधिकारिक फेसबुक पेजमा समेत प्रकाशित गरिएको ब्योहोरा जानकारी गराईन्छ ।

संचालक समितिको आज्ञाले
प्रदिप कुमार लोहार
व्यवस्थापक

# गण्डक नहरमा पानी उपलब्ध नभए मध्य तराईका किसान प्रभावित हुने

**मधेशदृष्टि**
**वीरगंज ।**
भारतले यस वर्षको हिउँद याममा गण्डक नहरमा पानी उपलब्ध नगराए मध्य तराईका पर्सा, बारा र रौतहटका गहुँ खेती गर्ने किसान प्रभावित हुने भएका छन् । नहरमा पानी नआए गहुँ बाली सिँचाइविहीन हुने भएकाले उत्पादनमा समेत व्यापक कमी आउने किसानहरूले बताएका छन् । एकातिर सुख्खा मौसम, अर्कोतिर वैकल्पिक सिँचाइको व्यवस्था नहुँदा किसान थप समस्यामा पर्ने भएका छन् ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालय वीरगंजका सूचना अधिकारी इन्जिनियर सुरेशप्रसाद साहका अनुसार भारतीय पक्षले यस वर्ष गहुँ सिजनमा नहरमा पानी दिन असमर्थता जनाएपछि कार्यालयले संघीय सिँचाइ विभागलाई पत्राचार गरी औपचारिक रूपमा यसको जानकारी गराइसकेका छन् ।

भारतले यसवर्ष नहरको सफाई र मर्मतसम्भार प्रयोजनका लागि हिउँदमा ठेकेदारमार्फत काम गरिने भएकाले नहरमा पानी नआउने जानकारी गराएको इन्जिनियर साहले बताए ।

हाल नहरमा पानी आउन छोडेको र जमेको पहिलेको पानी सुक्ने क्रममा रहेको छ ।

पानी सुकिसकेपछि भारतीय पक्षले मर्मतसम्भारको काम थाल्नेछ । मर्मतसम्भार शुरु भएपछि गहुँ बालीका लागि नहरमा पानी दिन सम्भव हुँदैन । तर नेपाली किसानलाई सिँचाइ गर्न पानी दिएर त्यसपछि मर्मत कार्य शुरु गर्न पनि भारतीय पक्षसँग समय उपलब्ध हुनसक्ने हुँदा यसतर्फ सम्बन्धित निकायले भारतीय पक्षलाई आग्रह गर्नुपर्ने माग किसानले गरेका छन् ।

पर्सा, बारा र रौतहटका किसान हरुले गहुँ छर्ने तयारी गरेको र गहुँ उम्रिए सँगै एक पटक सिँचाइ गरे पुग्ने उनीहरूले बताएका छन् । भारतसँगको गण्डक सम्झौता बमोजिम भारतीय पक्षले गहुँ बालीका लागि नहरमा ८ सय ५० क्युसेक पानी दिनुपर्छ । सम्झौताअनुसारको पानी नआउने र भारतीय भूमिमा नहरमा नियमित मर्मतसम्भार अभावमा नहरको अन्तिम बिन्दु अर्थात् रौतहटको पूर्वी भेगसम्म नहरमा पानी नपुग्ने समस्या वर्षौंदेखि रहेको छ ।

गण्डक नहरअन्तर्गत नेपालतर्फ ३७ हजार ४ सय हेक्टर जग्गा सिञ्चित क्षेत्र रहेकोमा पर्सामा १६ हजार हेक्टर, बारामा ९ हजार हेक्टर र बाँकी रौतहटमा छ । सम्झौताअनुसार बर्सेनि धान बाली सिजनमा असार १५ र गहुँ बालीका लागि पुस १५ मा भारतीय पक्षले नहरमा पानी दिनु पर्ने कुरा उल्लेख छ ।

नवलपरासीको त्रिवेणी भैसालोटनस्थित नेपाल भारत सीमामा निर्मित ब्यारेजबाट भारतीय पक्षले गण्डक नहरमा पानी छोड्ने गर्दछ । भारतमै ९२ किलोमिटर हुँदै यो नहर पर्साको जगरनाथपुर गाउँपालिकाबाट नेपाल प्रवेश गर्दछ । पर्सा, बारा र रौतहटमा गरी १५ ब्लकमा विभाजित गण्डक नहरको लम्बाइ नेपालतर्फ भने ८१ किलोमिटर छ ।

# किसानको प्राङ्गारिक तथा गोबरमलमा आकर्षण



**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो समयमा रासायनिक मलले बिस्तारै माटोको उत्पादन क्षमता घटाउँदै लगेको र यसको प्रयोगले मानव स्वास्थ्य र प्रकृतिमा पनि गम्भीर असर पु¥याउन थालेपछि पर्साका किसान प्राङ्गारिक तथा गोबरमल तर्फ आकर्षित भएका छन् ।

पर्साको ठोरी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका तथा पर्सागढी नगरपालिकाका किसानले रासायनिक मलको साटो प्राङ्गारिक मल तथा गोबरमलको प्रयोग गर्न थालेका छन् । रासायनिक मललाई विस्थापन गर्न आफूहरूले प्राङ्गारिक मल तथा गँड्यौलाबाट उत्पादन गरिएको मल प्रयोग गर्न थालेको वीरगंज महानगरपालिका वडा नम्बर ३१ का युवा किसान रामाकान्त चौधरीले बताए ।

उनले हाल आफूहरूले गड्यौला मल उत्पादन थालेको बताउँदै अहिले आलु, टमाटर, सागसब्जीलगायतमा यो मलको प्रयोग बढ्दै गएको जानकारी दिए । चौधरीले अरू बालीमा पनि प्राङ्गारिक मलको प्रयोग बढ्दै गएको र यसले बालिको उत्पादन क्षमता पनि बढाएको दाबी गरे । प्राङ्गारिक मल तथा गड्यौला मलको प्रयोग गर्न थालेपछि उत्पादन भएको आलु र तरकारीको स्वादमा नै फरक परेको स्थानीय किसान भुवन पौडेलले बताए ।

रासायनिक मलले स्वास्थ्यमा असर गर्ने जानकारी पाएपछि आफूले पनि चार वर्षयता निरन्तर प्राङ्गारिक मलको प्रयोग गर्दै आएको पौडेलको भनाइ छ ।

रासायनिक मल प्रयोग गर्दा उत्पादन धेरै भएको जस्तो लागेपनि यसले मानव जीवनमा गम्भीर असर पार्ने र रासायनिक मल प्रयोग गरी उत्पादन भएको सागसब्जी र आलुको स्वादमा समेत आकाश जमिनको फरक पर्ने गरेको अगुवा किसान चौधरीले बताए ।

रासायनिक मलका लागि किसानहरु सहकारी संस्थाहरूमा घन्टौँ लाइन बस्नुपर्ने बाध्यता रहेको छ । नेपालमा नपाए जोखिम मोलेर भारतबाट खुला नाकाको प्रयोग गर्नुपर्ने बाध्यता समेत छ ।

प्राङ्गारिक मलको प्रयोग गर्ने प्रचलन बढेसँगै यी सबै समस्याको समाधान क्रमशः हुँदै आएको ठोरी गाउँपालिका वडा नम्बर २ कि अगुवा महिला कृषक कौशिला कुँवरले बताए ।

किसानहरूले अनुदानमा पाउने रासायनिक मल पाउन कठिन भएसँगै आफूहरूले गोबरमलको प्रयोग गर्न थालेको ठोरी सुवर्णपुरका किसान राम बहादुर खड्काले बताए ।

कृषि सामग्री तथा साल्ट ट्रेडिङ कम्पनीद्वारा सहकारीमार्फत वितरण हुँदै आएको रासायनिक मल धान, मकै रोप्ने तथा गहुँ छर्ने बेलामा आवश्यकता अनुसार उपलब्ध नहुन थालेपछि किसानहरूले घरमै गोबर भण्डारण गरेर अथवा भण्डारण गरिएका गोबर खरिद गरेर खेतबारीमा प्रयोग गर्न थालेको ठोरी गाउँ पालिकाका अध्यक्ष लालबहादुर श्रेष्ठले बताए ।

विशेष गरी गाईवस्तु पालेकाहरूले केही वर्षदेखि गोबर फाल्ने ठाउँमा खाल्डो खनेर भण्डारण गर्ने र आवश्यकता अनुसार प्राङ्गारिक तथा गोबरमल प्रयोग गर्न थालेको अध्यक्ष श्रेष्ठले बताए । रासायनिक मलको विकल्प नभई मानव स्वास्थ्यको लागि समेत प्राङ्गारिक, गोबर तथा गड्यौला मलको प्रयोग गर्न किसानहरूलाई प्रोत्साहित गर्नुपर्ने आवश्यकता रहेको बताउँदै यसका लागि सरकारले रासायनिक मलमा दिँदै आएको अनुदान प्राङ्गारिक मल प्रयोग गर्ने किसानहरूलाई समेत दिनुपर्ने माग अध्यक्ष श्रेष्ठले गरे ।

# भालटार डाँडामा आन्तरिक पर्यटकको आकर्षण



**सिरहा ।**
पूर्व–पश्चिम राजमार्गअन्तर्गत धनगढीमाईको जिरोमाइलबाट करिब १० किलोमिटर उत्तरमा अवस्थित भालटारडाँडा पछिल्लो समय आन्तरिक पर्यटकको नयाँ गन्तव्यका रूपमा विकास भएको छ । प्राकृतिक दृश्य, स्वच्छ र शान्त वातावरण, सहज पहुँच, फोटो खिच्नका लागि मनमोहक स्पट र नयाँ–नयाँ संरचनाले गर्दा भालटारडाँडा दिनानुदिन पर्यटकले भरिन थालेको छ ।

धनगढीमाई–१३ को सेल्फीडाँडाको रूपमासमेत परिचित यो भूगोलमा करिब छ महिनाअघि सडक पिच भएर सहज पहुँच बनेपछि यहाँको पर्यटन चहलपहल ह्वात्तै बढेको स्थानीय बताउँछन् । सडक विस्तारले केवल पर्यटकको आगमन मात्र बढाएको छैन, यसले स्थानीय कृषि उत्पादनलाई धनगढीमाई बजारसम्म सजिलै पु¥याउन पनि महत्त्वपूर्ण भूमिका खेलेको छ ।

हाल यो सडक वडा नं १४ को सर्रे–अम्बाससम्म विस्तार भइसकेको छ, जसले पहाडी बस्तीलाई बजारसँग थप मजबुत रूपमा जोडेको छ ।

भालटारडाँडामा पुग्ने जो–कसैलाई यहाँको हरियाली, चुरे आसपासका पहाडी बस्ती, चिसो हावा र शान्त वातावरणले मोहित बनाउने गर्दछ । परिवारसहित पिकनिक मनाउन, साथीभाइसँग रमाइलो गर्न, हाइकिङ गर्न तथा मनको थकान मेट्न यहाँ आउनेहरूको संख्या पछिल्लो समय उल्लेखनीय रूपमा बढेको छ । पर्यटक आगमनसँगै भालटारमा होटल–रेस्टुराँको संख्या पनि बढ्दै गएको छ ।

भालटारस्थित भ्यू होटलका सञ्चालक रोशन राई भन्छन्, ‘विगत आठ वर्षदेखि होटल सञ्चालन गरे पनि पहिला खासै मानिस आउँदैनथ्ये । तर पछिल्लो समय पूर्वाधारको विकाससँगै मानिसको उल्लेख्य आगमन हुन थालेको छ । छिमेकी देश भारतबाट समेत पर्यटक आउने गरेका छन् ।’

राईका अनुसार, धेरै पर्यटकले पहिले नै फोन गरेर अर्डर गर्छन्, कोही हिँड्दै–हिँड्दै नै आउने गर्छन् । ‘यहाँ लोकल कुखुराको स्वाद चाख्न विशेषै पर्यटक आउँछन् । रमाइलो वातावरणमा फ्रेश फिल गर्न आउनेको संख्या दिनानुदिन बढ्दो छ,’ राई थप्छन् । होटल व्यवसायीको भनाइमा, सडक राम्रो भएपछि दैनिक रूपमा आउने पर्यटकको संख्या दोब्बर भएको छ ।

धनगढीमाई नगरपालिका र स्थानीय समुदायले भालटार डाँडालाई व्यवस्थित पर्यटन क्षेत्र बनाउने प्रयासलाई तीव्रता दिइरहेका छन् । वडा नं १३ का वडाध्यक्ष सूर्यमान तामाङले भने, ‘भालटार डाँडामा पछिल्ला वर्षमा पर्यटकको आकर्षण असाध्यै बढेको छ । त्यसैले हामीले यस क्षेत्रलाई व्यवस्थित पर्यटन गन्तव्य बनाउने लक्ष्यका साथ प्रचारप्रसारदेखि भ्यू–प्वाइन्ट पहिचान, सफाइ अभियान र आवश्यक पूर्वाधार निर्माणका कामलाई प्राथमिकतामा राखेका छौँ ।’ नजिकै धनगढीमाई चोकमा पनि सो क्षेत्रको पर्यटन सम्भावनालाई मुख्य केन्द्र बनाउँदै व्यवसाय र यातायात सेवा विस्तार भइरहेको उनले जानकारी दिए ।

सुन्दर भू–आकृति, बढ्दो होटल व्यवसाय, सहज यातायात र बढ्दो आन्तरिक तथा बाह्य पर्यटक आगमनका कारण भालटारडाँडामा ‘मिनी–हिलस्टेशन’ बन्ने सम्भावना अत्यन्त प्रबल देखिएको स्थानीय युवा वीरेन्द्र चौधरीको भनाइ छ । मधेशमै यस्तो रमणीय पहाडी दृश्य पाउन सकिने थोरै ठाउँमध्ये भालटार एक भएकाले स्थानीय तहले यसको प्रवद्र्धन गरी स्थानीयको रोजगारीसँग जोड्न सक्नुपर्ने उनले बताए ।

दर्ता नं. : ७८/०५२/०५३ पान नं. : ६०१२४००४१

श्री हिमाल बचत तथा ऋण सहकारी संस्था लि.
Shree Himal Saving & Credit Co-operative Society Ltd.
पानीटंकी-१०, बीरगंज, पर्सा

**१८ औं वार्षिक साधारण सभा बारे सुचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०८/१६ गते

आदरणीय शेयर सदस्य महानुभाव,
उपर्युक्त बिषयमा यस संस्थाको १८ ओं वार्षिक साधारण सभा मिति २०८२ कार्तिक १९ गते बुधवार बसेको संचालक समितिको निर्णय अनुसार तपसिल बमोजिम हुने भएको ले यहाँको अनिवार्य उपस्तिथतिका साथ सक्रिय सहभागिताको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।

**साधारण सभाका प्रस्तावहरू :**
प्रस्ताव १ : संस्था संचालक समितिको तर्फबाट अध्यक्ष ज्युको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव २ : संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव ३ : संस्था आ. व. २०८१/०८२ को वार्षिक लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ४ : आ.व . २०८१/०८२ मा संचालक समितिले गरेको निर्णयहरु पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ५ : आ.व . २०८१/०८२ को आम्दनी र खर्च पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ६: चालु आ.व २०८२/०८३ को निति,कार्यक्रम ,बजेट माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव ७ : चालु आ.व २०८२/०८३ को लागी लेखापरिक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
प्रस्ताव ८ : विनियम स्विकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव ९ : रणनीति,नीति,निर्देशिका एवं कार्य विधि संसोधन तथा तर्जुमा गर्ने सम्बन्धमा ।
प्रस्ताव १० : निर्णय पुस्तिका प्रमाणित गर्नेका लागी प्रतिनिधि छनौट सम्बन्धमा ।
प्रस्ताव ११ : संचालक समिति र लेखासुपरिवेक्षण समितिको चयन सम्बन्धमा ।
प्रस्ताव १२. विविध ।

**तपसिल :**
मिति : २०८२ मंसिर २८ गते आईतबार ।
समय : अपरान्ह ३ बजे ।
स्थान : होटल भिस्वा,बीरगंज १५,पर्सा ।

संचालक समितिको आज्ञाले
**किरण ठाकुर**
प्रबन्धक

# मोटरसाइकलको ठक्करबाट मृत्यु

**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको खडक नगरपालिकामा मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ । नगरपालिकाको वडा नम्बर ११ बनौलीस्थित हुलाकी सडकखण्डमा प्रदेश २–०१–००१ प १७०८ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा ४२ वर्षीय दिपेन्द्र पासवानको मृत्यु भएको हो ।

आइतबार राति खडक ११ स्थित हुलाकी सडकखण्डमा रोडको साइडमा नम्बर नखुलेको ट्याक्टरमा पछाडि थ्रेसर जोडेर धान दाइँ गरिरहेको बेला सडकमा उभिरहेको अवस्थामा बोदेबर्साईनबाट राजविराज आउँदै गरेको प्रदेश २–०१–००१ प १७०८ नम्बरको मोटरसाइकलले ट्याक्टर चालक पासवानलाई ठक्कर दिएको थियो । ठक्करबाट गम्भीर घाइते उनलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएकामा चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिए । घटनामा मोटरसाइकल चालक शम्भुनाथ नगरपालिका १२ अर्नाहाचोकका २८ वर्षीय रामचन्द्र चौधरी घाइते भएको र उनको उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । प्रहरीका अनुसार शवको पोस्टमार्टम र घटनाबारे थप अनुसन्धान जारी छ ।

# कमला नदीमा पुलको काम शुरु

**मधेशदृष्टि**
**धनुषा ।**
हुलाकी सडकअन्तर्गत धनुषा र सिरहा जोड्ने कमला नदीमा भासिएको पुलको पुनर्निर्माणको काम शुरु गरिएको छ ।

पुल निर्माणको जिम्मेवारी लिएको लुम्बिनी बिल्डर्सका सञ्चालक विष्णुप्रसाद शर्माले असार अगावै पुल सञ्चालनमा ल्याउने गरी काम शुरु गरिएको बताए । २०६८ मा तीन वर्षभित्र पुल निर्माण सम्पन्न गर्ने गरी निर्माण कम्पनी पप्पु कन्स्ट्रक्सनले ठेक्का पाएको थियो । पटकपटक म्याद थपेर करिब १० वर्षपछि ९५ प्रतिशतभन्दा बढी काम सम्पन्न भएर उद्घाटनको तयारी गरिरहेकै बेला २०७८ असार आएको बाढीले पुल भासिएपछि निर्माणको काम तत्काल अनिश्चित बनेको थियो ।

पप्पु कन्स्ट्रक्सनले अलपत्र पारेपछि लुम्बिनी बिल्डर्सले काम गर्दै आएको कुल ४ सय ६९ मिटर लम्बाइको यो पुलको हालसम्म ८३ प्रतिशत भौतिक प्रगति भएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङले गत शनिबार स्थलगत निरीक्षणपछि निर्माण पक्षका ठेकेदारलाई पुलको अधुरो काम तत्काल अघि बढाउन निर्देशन भएको थियो । त्यस अवसरमा उनले अब नियमित अनुगमन, सहजीकरण र आवश्यक सहयोग गर्दै कामलाई समयमै सम्पन्न गराउने प्रतिबद्धता गरेका थिए ।

सम्पादकीय

# मुख्यमन्त्री नै लागे फर्जी मत बनाउने काममा ?

मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवमाथि आफ्नो गृह क्षेत्र महोत्तरी क्षेत्र नम्बर ४ मा एमालेको महाधिवेशन प्रतिनिधि छनोट प्रक्रियामा ठाडो हस्तक्षेपमा सहभागी भएको आरोप लागेको छ । विवादित रूपमा सम्पन्न प्रतिनिधि छनोटमा सबै १९ विजेता मुख्यमन्त्रीनिकट व्यक्तिहरू घोषणा भएपछि विपक्षी समूह आक्रोशित बनेको हो र यो विषय सतहमा आएको हो।

एमाले नेता तथा अनेरास्ववियुवाका पूर्व केन्द्रीय सचिव सरोज यादव नै निर्वाचन नियोजित ढंगले सञ्चालन गरिएको भनेर मुख्यमन्त्रीको व्यवहारको विरोधमा उत्रिएका छन् । विचित्र शैलीमा निर्वाचन भएको, दुई प्यानल बनाएर निर्वाचन गरिएको भए पनि मतपत्र नै प्यानलअनुसार डिजाइन गरिएको उनले आरोप लगाएका छन्।

यति मात्र होइन, मुख्यमन्त्रीको तजबिजमा जितेको प्यानललाई ३ हजार ४सय १४ मत परेको र पराजित हुने पक्षलाई मात्र ९४ मत परेको घोषणा गरेर बदमासी भएको छ । मतपत्रको संरचनादेखि उम्मेदवार कायम गर्ने प्रक्रियासम्म सबै पक्षपाती ढंगले भएको र यसमा मुख्यमन्त्री यादव नै संलग्न रहेको बताइएको छ । मतपत्र उम्मेदवारी दर्ता वा वर्णानुक्रमका आधारमा हुनुपर्नेमा नभएको पाइएको छ। प्यानलअनुसार बनाउनु नै अनैतिकताको पराकाष्ठा भएको भनेर सामाजिक सञ्जालमा समेत यो विषय छताछुल्ल भएको छ। महोत्तरी–४ मा देखाइएको १४ हजार ६ सय ३७ पार्टी सदस्य संख्या नै 'फर्जी' भएकोसमेत विषय उठान भएको छ। जनता आवास कार्यक्रमका लागि संकलित नागरिकता प्रतिलिपिसम्म प्रयोग गरी व्यक्तिलाई पार्टी सदस्य देखाएर मतदान भएको आरोपमा मुख्यमन्त्री यादव जोडिएका छन्।

मतदान अधिकृतसमेत मुख्यमन्त्रीका नजिकका व्यक्ति बनाएर उजुरीको सुनुवाइ नै नहुने वातावरणढा निर्माण गरिएको पाइएको छ । यो विषयले एमालेले महोत्तरी–४ मा छानेको प्रतिनिधिमा एमालेजन नै खुशी देखिएका छैनन्। कतिसम्म भने मुख्यमन्त्रीले आफ्नै काका राजबिहारी यादवलाई मतदान अधिकृत तोकेका थिए । मतदान निस्पक्ष नभएको उजुरी गर्दा सुनुवाइ नभएपछि प्रतिनिधि छनोट प्रक्रियामा बदमासी भएको पाइएको हो। मुख्यमन्त्री यादव स्वयम् अग्रसर भएर सबै क्रियाकलाप कब्जा गर्ने नियतसहित गराएको आरोपले मुख्यमन्त्री आफ्नै पार्टी र क्षेत्रमा विवालमा परेका छन्। बाँकी उनले नै मिलाउने विषय भयो।

# एचआईभी एड्सको त्रास: पर्यटनको दिगोपनामा ह्रास



डा चेतनाथ कणेल

विश्वभर एचआईभी एड्स विरुद्धको सचेतना अभियान (डिसेम्बर १ तारिख) चलिरहेको बेला अहिले हामीलाई दुई कुराले सताइरहेको छ । पहिलो, सन् १९८८ देखि विश्वव्यापी समस्याको रूपमा देखापर्न थालेको एचआईभी एड्स अर्थात् 'रोग प्रतिरोधात्मक क्षमताको ह्रास हुने घातक रोग' विगत ३७ वर्षमा पनि पूर्ण नियन्त्रण हुन सकेको छैन । दोस्रो, विगतमा यसको प्रकोप नियन्त्रणका लागि केही सफल प्रयासमा विकसित देशले उपलब्ध गराउने गरेको सहयोगको क्रम घट्न जाने वा बन्द हुने क्रम चलेसँगै विश्वका कम विकसित तथा विपन्न राष्ट्रहरूमा एक किसिमको भय र त्रास बढिरहेको छ।

सङ्क्रमितहरूलाई उपलब्ध गराइने औषधि तथा सूईको मूल्य महँगो हुने हुँदा सोको आपूर्तिमा बाधा उत्पन्न हुन गई खासगरी तेस्रो विश्वका कमजोर राष्ट्रहरूमा एचआईभी एड्स नियन्त्रण तथा रोकथामका उपायहरू कम प्रभावी वा निरर्थक बन्दै जाने आशङ्का बढेको अवस्था छ।

पर्यटन र एचआईभी एड्स

यात्रा र सरुवा रोग अर्थात पर्यटन र महामारीजन्य प्रकोपको नितान्त घनिष्ट सम्बन्ध रहेको हुन्छ। एक ठाउँका घातक रोग अर्को ठाउँमा सहजै सर्नसक्छ । एचआईभी एड्स त्यस्तै प्रकोप वा महाविपद् हो । यात्राबाटै अफ्रिकादेखि विश्वभर फैलिँदै गएको यो एचआईभी रोग वा यसका कारण हुन जाने अन्य 'प्रतिकारात्मक शक्ति क्षय हुने रोग' तथा विविध विमारहरूले गर्दा अहिलेसम्म विश्वमा करिब पाँच करोड व्यक्तिको ज्यान गएको छ।

त्यसैगरी एचआइभी एड्सपछिको अर्को विश्वव्यापी संकटजन्य 'प्यान्डेमिक रोग' अर्थात् कोरोना (कोभिड १९) ले पनि सन् २०१९ को डिसेम्बर महिनादेखि हालसम्म करिब ७१ लाख २० हजार मानिसलाई यो विश्वबाट लगिसकेको छ। छिटो छिटो फैलिएर विश्वका सबै मानिसमा त्रास बढाएको यो रोगलाई संक्रमण र विनाशका हिसाबले एचआईभी एड्सभन्दा पनि झनै खतरा मानियो । हामीले यसलाई महाघातक, महामरक आदिका संज्ञा पनि दिइयो। सन् २०१९ को डिसेम्बरदेखि चीनबाट तीव्र रूपमा फैलिन सुरु गरेको 'कोभिड १९' सन् २०२५ मा पनि विश्वका कतिपय ठाउँमा नयाँ–नयाँ 'भेरियन्ट'को रूपमा देखापरेबाट हामी अझ पनि कोरोनाजन्य महाविपत्बाट पूर्णतः सन्त्रासरहित हुन सकेका छैनौँ।

बढ्दो भयावहता

चाहे एचआइभी होस् वा कोरोना, मानिसमा छाला, रगत र सासका माध्यमबाट सर्ने समस्याले गर्दा पर्यटनका लागि यी आपत्जन्य वा जोखिमजन्य कुरा हुन्। एक ठाउँको पर्यटक अर्को ठाउँमा जाँदा सङ्क्रामक रोग लिएर जान्छ र त्यसबाट स्थानीय परिवेशमा रोग फैलिने त्रास हुन्छ भने त्यसले निश्चय नै पर्यटन विकासमा ठूलो अवरोध ल्याउँछ। कोभिडका बेला विश्वभर झण्डै ९५ प्रतिशत पर्यटकीय गतिविधि ठप्प हुन पुगे । पर्यटक आगमनमा पनि त्यही दरमा कटौती भयो। सन् २०२० र २०२१ मा विश्वको पर्यटन तहसनहस बन्न पुग्यो । नेपालको पर्यटनको हबिगत पनि झनै दुरुह बन्न पुग्यो । सन् २०१९ मा करिब १२ लाख पर्यटक आगमन रहेकामा सन् २०२० र २०२१ मा त्यो संख्या डेढ–दुई लाखको हाराहारीमा झर्नु भनेको नेपालका लागि अत्यन्त पीडादायी र नैराश्यताको स्थिति थियो ।

नेपालको पर्यटन विकासको प्रक्रिया र गतिमा त्यो ठूलो झट्का थियो, अनपेक्षित महासंकट नै थियो। सन् २०२२, २०२३ र २०२४ मा पर्यटनको लयलाई कम्तीमा पुरानै अवस्थामा पुर्‍याउने हाम्रा प्रयास भए पनि ती पूर्णरूपेण सफल हुन सकेनन्। पर्यटनको 'रिकभरी' हुन अझ पनि केही समय कुर्नुपर्ने भएको छ । कोभिड–१९ ले पारेको प्रभावलाई अहिलेसम्मकै अत्यन्त ठूलो प्रभाव मानिएको छ । तर एचआइभी सङ्क्रमणले कोभिडले जस्तो एक्कैपटक ध्वस्त नपारे पनि भित्रभित्र समाज खाइरहेको हुन्छ। पर्यटन समुदायलाई कमजोर र ग्लानियुक्त बनाइरहेको हुन्छ।

पछिल्ला तथ्याङ्कहरूले भनिरहेछन् विश्वमा एचआइभीको भयावहता घटेको छैन, भविष्यमा आई पर्नसक्ने चुनौतीको ढोका बन्द भएको छैन। नेपालमा मात्रै अहिले पनि करिब ३४ हजार एचआइभी सङ्क्रमित हुनु, करिब आठ हजार सङ्क्रमितले नियमित औषधि सेवन गरिहनुपर्ने अवस्था हुनु र विश्व आर्थिक सङ्कट बढ्दै गएअनुसार वैदेशिक सहयोगको रकम घट्दै जानुले सरकारले मात्र यस्ता एचआइभी सङ्क्रमितहरूलाई नियमित औषधिको प्रबन्ध गर्न सक्ला नसक्ला भन्ने द्विविधा र संशय कायमै छ । त्यसै त हामी ऋणमा चुर्लुम्म डुबिरहेका छौँ, अझ विरामी उपचारका लागि पनि वैदेशिक ऋण खोज्नुपर्ने अवस्था आयो भने हाम्रो हालत के होला ? यस्तो स्थितिमा दिगो विकासको समग्र चक्रलाई प्रभाव त पर्छ नै त्यसमा पनि पर्यटनको चक्रमा थप दूरगामी असर पुग्छ।

पर्यटनको रूप र धूप बढ्दै गएपछि त्यसले यौन बजारलाई बढावा दिन्छ । नाफाखोरिताको चरम नमूना 'यौन पर्यटन बजार' हो। हरेक विकृति त्यहाँ भेट्न सकिन्छ । 'समाजलाई बिगार्छ' भन्ने कुरा मान्न यो समूह कहिल्यै तयार हुँदैन । यो एउटा तीतो सत्य हो । हामीलाई सुन्न मन नलागे पनि सुन्न बाध्य बनाउने यथार्थ हो। विश्वका कतिपय देशले यस्तो यौन बजारलाई बैधता प्रदान गरेको भए पनि नेपालले हालसम्म बैधता दिएको छैन। यद्यपि, केही नीतिनिर्माता तथा व्यवसायीहरू यसको पक्षमा छन्, तर जनमानस र स्थानीय समुदायले भने यस्तो प्रस्तावको खरो विरोध गरिरहेका छन् । पाँच प्रतिशतको लाभका लागि पञ्चानब्बे प्रतिशत जनताको अहित कसैले भित्र्याउनुहुँदैन। बहस हुँदैछ, भविष्यमा बैधता पाउला नपाउला, तर पनि नेपालमा अबैध रूपमा यस्ता यौनधन्दा भइरहेको कसैसामु छिपेको छैन। लुकेको सत्यका बारेमा धेरै पत्रकार तथा साहित्यकारहरूले उजागर गर्दै आएका छन्।

विश्व अनुभव र अबको सचेतता

विश्वको अनुभवले भन्छ, महिला, पुरुष, तेस्रो लिङ्गी, फरक यौन चाहना भएका व्यक्ति आदि सबै खालका मानिसहरू रुचि वा अरुचिपूर्वक पनि यस्तो बजारमा तानिने गरेका छन् । यसमा बढी आर्थिक लाभ हुन्छ भन्ने भनाइ छ । तर पीडित तथा संक्रमितहरू यो धर्तीबाट छिट्टै माथि लाग्छन् भन्ने कुरा लोभीपापीले बुझेका हुँदैनन् । 'पैसैपैसा ...' भन्ने मदनकृष्ण श्रेष्ठको गीतजस्तै त्यो जमातले पैसाभन्दा यो दुनियाँमा अर्को महत्वपूर्ण कुरा छ भन्ने कुरा ख्यालै गर्दैन । यौन व्यवसाय चलाएर रातारात 'कार चढ्न आतुर' त्यस्तो जमातलाई अब छुटकारा दिनुहुँदैन। नवपुस्ता (जेनजी) ले पनि यस सवालमा एउटा ध्यान दिनुपर्ने बेला भएको छ।

सबैले बुझ्नुपर्छ, बहुव्यक्तिसँग यौनसम्बन्ध कायम हुनु भनेको यौनजन्य रोगको सहज आमन्त्रण हुनु हो। यौनजन्य रोगमा एचआईभी एड्स सबैभन्दा घातक रोग भएकाले एक जनामा सर्नेवित्तिकै त्यस्तो रोग केही दिन वा महिनामा हजारौँमा सर्न सक्छ। पर्यटनको केन्द्र वा गन्तव्यमा यस खालको नकारात्मक खबर आयो भने त्यो ठाउँ सदाका लागि पर्यटनबाट वञ्चित हुनसक्छ। टिकाउ पर्यटन अर्थात दिगो पर्यटन व्यवस्थापनमा त्यो सन्दर्भ महाचुनौतीको रूपमा देखा पर्दछ । थाइल्याण्डजस्ता देशले यस मामिलामा पछिल्लो समय केही सचेतता देखाउन थालेका छन् । पुँजीवादी र भौतिक संसारमा लिप्त प्रवृत्ति र संस्कारले यौन उपभोगवादलाई 'किन्ने बेच्ने वस्तु' र 'किन्ने बेच्ने सेवा' ठान्ने प्रवृत्ति नहटेसम्म पर्यटन जगतबाट प्रत्यक्ष होस् वा अप्रत्यक्ष, यस्तो यौन व्यापार हटाउन कठिन छ । कतिपयले यसै माध्यमलाई पर्यटनको 'दिगो स्रोत' पनि ठान्न सक्छन्। त्यो क्षणिक हो।

तसर्थ, हामीले आजैदेखि सोच्नुपर्छ बुद्धको देश, सीताको देश, भृकुटीको देश, सगरमाथाको देश हाम्रो महागौरवमय नेपालमा त्यस खालको पर्यटनले बढावा पाउनु हुँदैन। यहाँको प्रकृति, यहाँको संस्कृति, यहाँको इतिहास र यहाँका हजारौं रैथाने खानापिना र नाना–गाना–बजानाले विश्वका जुनसुकै कुनाका पर्यटकलाई दुई हप्ता बसाउन काफी छन् । केही विन्दु र कुनामा चलाउन आँटिने यौनकर्ममय पर्यटन हाम्रो चाहना र नीतिगत प्राथमिकता कहिल्यै पनि हुनुहुँदैन । एड्सले ग्रस्त नेपाल हाम्रो चाहना होइन, यौनकर्मीको प्रदूषित भूमि नेपाल बनाउनु पनि छैन । चाहे शहर होस्, चाहे गाउँ होस्, व्यावसायिक यौनकर्म हुने ठाउँमा सरकार र स्थानीय समुदायले कडा निगरानी राख्नुपर्ने आवश्यकता छ । विश्वभर एड्सविरुद्धको सचेतना दिवस मनाइरहेको बेला आजको मूल सन्देश पनि यही हो । हामी सबैलाई चेतना भया। रासस

# आन्तरिक राजस्व बढाउन नसक्दा कमजोर बन्दै पर्साका स्थानीय तह



हिमाल लम्साल

पर्साको पर्सागढी नगरपालिकाले आर्थिक वर्ष २०८१–८२ मा आन्तरिक आयबाट रु तीन करोड २६ लाख ६० हजार राजस्व सङ्कलन गर्ने महत्वाकांक्षी योजनासहित बजेट ल्यायो। तर, नगरपालिकाले वर्षभरिमा आन्तरिकतर्फको आयबाट भने मुस्किलले लक्ष्यको ३१ दशमलव ७३ प्रतिशत अर्थात् रु एक करोड तीन लाख ६५ हजार नौ सय ९० रकम मात्रै राजस्व सङ्कलन गर्न सक्यो।

पछिल्लो समय स्थानीय तहले आफ्नो आन्तरिकतर्फको आय र करको दायरा बढाउन नसक्दा पर्सासहितका मधेश प्रदेशका पालिकाहरू आर्थिक रूपमा दरिलो बन्नुको सट्टा झन–झन् कमजोर भइरहेका छन्।

पर्सागढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजुप्रसाद साहले नगरपालिकाको आन्तरिकतर्फको आयस्रोत कम हुँदा पनि पर्याप्त मात्रामा आन्तरिकतर्फको राजस्व सङ्कलन गर्न नसकेको बताए।

'कर उठाउने सीमित स्रोतसाधन हुँदा पनि लक्ष्य अनुसारको आन्तरिक आय सङ्कलन गर्न सकिएको छैन,' उनले भने, 'करको दर बढाउँदा स्थानीयले विरोध गर्ने भएकाले पनि करको दायरा बढाउनेतर्फ अग्रसर भइरहेका छौँ।'

पर्सागढी नगरपालिकाले आव २०८०–८१ मा पनि आन्तरिक आयतर्फबाट छ करोड ७९ लाख ९९ हजार सात सय ७३ रुपैयाँ राजस्व उठाउने लक्ष्य राखेको थियो। तर, सो वर्ष पनि नगरपालिकाले मुस्किलले रु एक करोड २४ लाख १० हजार एक सय ८२ राजस्व मात्रै आन्तरिक आयबाट उठायो।

त्यस्तै पर्सागढी नगरपालिकाले आव २०७९–८० मा पनि तीन करोड ७५ लाख ७१ हजार ६२ रुपैयाँ आन्तरिक आय गर्ने लक्ष्य राखेको थियो । तर, सो वर्ष पनि पालिकाले लक्ष्यभन्दा धेरै न्यून अर्थात् ९७ लाख २१ हजार ३९ रुपैयाँ मात्रै राजस्व उठायो।

विगतका तीन वर्षमा पर्सागढी नगरपालिका मात्रै नभएर वीरगंज महानगरले पनि अपेक्षाकृत रूपमा आन्तरिकतर्फको आय वृद्धि गर्न सकिरहेको छैन। वीरगंज महानगरले आव २०८१–८२ मा आन्तरिक आयतर्फ ८१ करोड रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो । तर, सो आवको अन्त्यसम्म महानगरले ६२ करोड ९३ लाख ८५ हजार तीन सय ४४ रुपैयाँ मात्रै राजस्व सङ्कलन गर्न सक्यो। गत आव मात्रै होइन, महानगरले आव २०८०–८१ मा पनि ९५ करोड तीन लाख ३२ हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेको थियो।

तर, सो आवमा महानगरले ६१ करोड ४७ लाख १७ हजार एक सय ३१ रुपैयाँ मात्रै आन्तरिकतर्फ आय गरेको छ । त्यस्तै महानगरले आव २०७९–८० मा आन्तरिक आयतर्फ ६० करोड ७६ लाख रुपैयाँ राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकोमा सो आवमा भने ५७ करोड एक लाख ७३ हजार दुई सय १ रुपैयाँ मात्रै आन्तरिक आयतर्फ राजस्व सङ्कलन गर्‍यो।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले महानगरको आन्तरिक आय वृद्धि गर्ने प्रयास गरे पनि अपेक्षाकृत रूपमा राजस्व वृद्धि हुन नसकेको बताए। 'हामीले यहाँका जनतालाई करको दायरा बढाउने प्रयास गरिरहेका छौँ। तर, अझै पनि जनता स्वतस्फूर्त रूपमा कर तिर्न आइरहेका छैनन्,' प्रमुख सिंहले भने, 'महानगरको आन्तरिकतर्फको आयवृद्धि गर्नका लागि विभिन्न कर तथा राजस्व सम्बन्धित जनचेतनामूलक कार्यक्रम पनि गर्दै आइरहेका छौँ।'

प्रमुख सिंहले महानगरले विगतमा घर बनाइसकेका नगरबासीलाई नक्शपासको जरिवाना माफी गर्दासमेत नक्शापास गराउन नआउने गुनासो गरे। 'वीरगंज महानगर क्षेत्रमा ८० प्रतिशतभन्दा धेरै घर नक्सापासबिनै सञ्चालनमा हुँदै आइरहेका छन् । हामीले बारम्बार नक्सापास गर्नका लागि आह्वान गरिरहेका छौँ। तर, सर्वसाधारण भने आउन मानिरहनुभएको छैन,' प्रमुख सिंहले भने, 'वीरगंज महानगर क्षेत्रमा ९५ प्रतिशतभन्दा धेरै उद्योग–कलकारखाना पनि महानगरमा नक्सापास बिनै सञ्चालन हुँदै आइरहेका छन्। जसले गर्दा पनि आन्तरिक आय वृद्धि हुन सकिरहेको छैन ।' प्रमुख सिंहले महानगरले फोहरमैला बापतको शुल्क उठाउनको लागि दुई पटकसम्म बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र नपरेको बताए। 'हामीले वार्षिक सात करोड रुपैयाँ राजस्व उठाउने गरी फोहरमैलाको राजस्व सङ्कलनको लागि बोलपत्र आह्वान गरेका थियौँ। तर, दुई पटक बोलपत्र आह्वान गर्दा पनि कसैको नपरेपछि नगरपरिषद्बाट रकम घटाएर फेरि प्रस्ताव आह्वान गर्ने तयारी भइरहेको छ।'

सङ्घीयता तथा स्थानीय शासनविद् डा खिमलाल देवकोटाले स्थानीय पालिकामा करमा चुहावट र जभाभावी कर छुट दिने प्रवृत्तिको पनि अन्त्य हुनुपर्ने बताए । उनका रौतहटको मौलापुर गाउँपालिकामा विद्युत् महसुल छुट दिनेजस्ता गलत खालको अभ्यास भइरहेको छ।

यस्ता खालका अभ्यासले स्थानीय सरकार आर्थिक रूपमा सबल नभएर झन् कमजोर बन्नेतर्फ पनि ध्यान दिन जरुरी भइसकेको छ। उनले भने, 'स्थानीय सरकारले कर तथा राजस्व छुट नै छुट दिने गलत अभ्यास गर्दा स्थानीय सरकारको आन्तरिक आय कसरी सबल हुनसक्छ ?' उनले भने, 'स्थानीय सरकारले गलत ढङ्गले कर छुट तथा कर चुहावट गर्ने पालिकालाई सङ्घीय सरकारले उपलब्ध गराउने अनुदानमासमेत रोक लगाएर भए पनि गलत प्रवृत्ति अन्त्य गर्न जरुरी भइसकेको छ । यस्ता कारण स्थानीय सरकारको आन्तरिक क्षमतामा ह्रास आइरहेको छ।'

स्थानीय सरकारको विशेष गरेर आन्तरिक स्रोत परिचालनमा कमजोरी, कर सङ्कलन प्रणाली कमजोरी, व्यावसायिक गतिविधि र सेवाको दायरा सीमित हुँदा पनि आन्तरिक आयतर्फ कमजोर हुँदै आइरहेका छन्।

अहिले स्थानीय तहले विशेष गरेर सम्पत्ति कर, भूमिकर,मालपोत कर, घरबहाल कर, सवारीसाधन कर, पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, अन्य मनोरञ्जन कर, व्यवसाय रजिष्ट्रेशन कर, अखेटोपहारमा लाग्ने कर, सरकारी सम्पत्ती बहालबाट प्राप्त आय, नक्शापास दस्तुर, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता र प्रशासनिक दण्ड, जरिवाना र जफत बापतको कर लिँदै आइरहेका छन्।

पर्साको जिराभवानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहाले यहाँका पालिकासँग आन्तरिक आय बढाउने स्रोतसाधन निकै न्यून रहेको बताए। 'यहाँका पालिकासँग आफ्नो आफँ आम्दानीको स्रोत जुटाउने संरचना नै बनेका छैनन्। जसले गर्दा पनि आन्तरिक आय बढाउन सकिएको छैन,' उनले भने, 'जनप्रतिनिधि र कर्मचारी नेतृत्वले आफ्नो पालिकामा आन्तरिक आम्दानी वृद्धि गर्नेतर्फ निकै मेहनत गर्नुपर्ने जरुरत देखिएको छ,' उनले भने, 'तराईका पालिकको आन्तरिक आयतर्फको स्रोतमा माछा पोखरी, पोखरी, ढुङ्गागिटी र बालुवा र अन्य विभिन्न शीर्षकक सेवाग्राहीबाट लिने कर नै हुन् । त्यसैले सोतर्फ गम्भीर भएर ध्यान दिन जरुरी छ।'

पालिकाले बजेट बनाउँदा पनि स्रोतको सुनिश्चितता नभइ आन्तरिकतर्फ हचुवाको भरमा आय लेख्ने गर्दा पनि अपेक्षाकृत रूपमा राजस्व सङ्कलन हुन सकिरहेको छैन।

सङ्घीयता तथा स्थानीय शासन विद् डा देवकोटाले स्थानीय कर प्रणालीलाई व्यवस्थित बनाउने सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क जरिवाना र अन्य शुल्कलाई प्रभावकारी रूपमा सङ्कलन गर्न राजस्व प्रशासनलाई सुदृढ बनाउँदै लैजाउनुपर्ने बताए।

'स्थानीय सरकारले करको दायरा विस्तार गर्ने र प्रविधिमैत्री कर प्रणालीको विकास गर्नेतर्फ अग्रसर हुन जरुरी भइसकेको छ,' उनले भने, 'स्थानीय सम्भावनाको पहिचान र रूपान्तरण गर्दै कृषि, पर्यटन, जलस्रोत, वनजन्य उत्पादन, जडीबुटीलगायत क्षेत्रमा आधारित योजना निर्माण गरी रोजगारी सिर्जना गर्ने र राजस्व बढाएर अघि बढ्न जरुरी छ।'

सङ्घीयता तथा स्थानीय शासनविद् डा देवकोटाले पालिकाले विगतको तुलनामा आन्तरिकतर्फको कर तथा राजस्व वृद्धि गर्ने पालिकालाई प्रोत्साहनस्वरूप अनुदान थप गरिदिने परिपाटीको पनि विकास गर्न जरुरत भएको बताए।

'संवैधानिक रूपमा नै अहिले स्थानीय तहले कर लगाउने र राजस्व उठाउने अधिकार पाएका छन्,' उनले भने, 'तर, अहिले कतिपय पालिकामा पहिला र अहिले आन्तरिक तर्फको राजस्व सङ्कलनको अवस्था कस्तो छ भन्ने विषयमा पनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विशेष चासो दिएर समीक्षा गर्नुपर्ने बेला भइसकेको छ।'

# सम्पत्ति सिर्जना जसले गरे पनि त्यो राज्यकै होः अर्थमन्त्री खनाल

**काठमाडौँ ।**
अर्थमन्त्री रामेश्वरप्रसाद खनालले मुलुकमा अपेक्षित आर्थिक वृद्धि हासिल गर्न नसक्नुको कारणबारे गम्भीर आत्मसमीक्षा आवश्यक रहेको बताएका छन ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन) को २९औँ वार्षिकोत्सव तथा अवार्ड वितरण समारोहका अवसरमा आयोजित कार्यक्रममा मन्त्री खनालले विगतका वर्षहरूमा राजनीतिक असन्तुष्टि तथा अस्थिरताले विकास र आर्थिक क्रियाकलापमा नकारात्मक प्रभाव पारेको उल्लेख गर्दै भने, 'देशमा राजनीतिक असन्तुष्टि जसरी पनि प्रकट भए पनि यहाँ जो कोहीले गरेको सम्पत्ति सिर्जना नेपालको सम्पत्ति नै हो भन्ने बुझाइ सबैतिर हुनुपर्छ ।'

मन्त्री खनालले बढ्दो प्रविधि प्रयोगसँगै सूचनाको आधिकारिकता र त्यसले पार्ने प्रभावबारे सचेत हुनुपर्ने आवश्यकता औँल्याए । सञ्चार क्षेत्रमा आउने गलत तथा अप्रमाणित सूचनाले अन्तरराष्ट्रिय सम्बन्ध र लगानी वातावरणमा प्रतिकूल प्रभाव पार्न सक्ने भन्दै उनले सञ्चार माध्यमले जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए ।

'उचित सन्देश तथा सही सूचनाले निजी क्षेत्रमा सकारात्मक सोच विकास हुन्छ, लगानीकर्ताको मनोबल बलियो बन्छ । त्यसैले सूचना प्रवाहको संवेदनशीलता बुझ्नैपर्छ', मन्त्री खनालले स्पष्ट पारे । पछिल्लो समय सरकार ठूला पूर्वाधार आयोजनामा बजेट थप्दै काम अगाडि बढाइरहेको उनले जानकारी दिए । साथै, पुँजी बजारका विद्यमान समस्या समाधान गर्न तथा पूर्वविशिष्ट पदाधिकारीको सेवा–सुविधालाई कानुनी ढाँचामा ल्याइ नियमन गर्ने कार्य भइरहेको उनले उल्लेख गरे ।

अर्थमन्त्री खनालले नेपालको अर्थतन्त्रले भोगेका आरोह–अवरोहमा सेजनले मार्गदर्शकको भूमिकामा रहेर जिम्मेवार र पेशेवर पत्रकारितालाई प्रवद्र्धन गर्दै आएको प्रशंसा गरे ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हाले आउने दिनमा आर्थिक सबलीकरण, आन्तरिक उत्पादन वृद्धि, उत्पादकत्व विस्तार तथा रोजगारी सिर्जना सरकारका प्रमुख लक्ष्य हुने बताए ।

'सरकार तोकिएको समयमा निर्वाचन गर्ने, सुशासन कायम गर्ने र सेवा प्रवाहलाई केन्द्रमा राखेर अघि बढिरहेको छ', मन्त्री सिन्हाले भने । उनले आर्थिक गतिविधि वृद्धि गर्न निजी क्षेत्रलाई सबैभन्दा महत्वपूर्ण साझेदारका रूपमा लिई काम भइरहेको तथा जेन्जी आन्दोलनको मर्मलाई नबिर्सी सुधारका कार्यक्रम अघि बढाइरहेको जानकारी दिए ।

गत भदौमा जेन्जी आन्दोलनका क्रममा ज्यान गुमाउने तथा घाइते परिवारलाई सरकारले जिम्मेवारीपूर्वक हेरिरहेको बताउनुहुँदै मन्त्री सिन्हाले सुशासन र भ्रष्टाचार निवारण सरकारको मुख्य अभिभारा रहेको स्मरण गराए ।

नेपाल राष्ट्र बैंकका गभर्नर प्रा डा विश्वनाथ पौडेलले अहिले नेपालको अर्थतन्त्रले भोगिरहेको मुख्य चुनौती तरलता व्यवस्थापन रहेको बताए । बैंक तथा वित्तीय क्षेत्रभित्र पर्याप्त तरलता र न्यून ब्याजदर भएकै परिस्थितिमा पनि ठूलो पूर्वाधारमा लगानी विस्तार हुन नसक्नु चिन्ताको विषय भएको गभर्नर पौडेलले बताएका हुन । उनले मौद्रिक नीतिमा राखिएका प्रावधानको प्रभावकारी कार्यान्वयन हुन नसक्दा अपेक्षित परिणाम आउन नसकेको उल्लेख गरे ।

गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थाको लगानी केही निश्चित क्षेत्रमा केन्द्रित भएको बताउँदै स्थानीय आवश्यकताअनुसार कर्जा विस्तार गर्नुपर्नेमा जोड दिए । विशेषगरी कृषि, पर्यटन, ऊर्जा तथा उत्पादनमूलक क्षेत्रमा कर्जा प्रवाह बढाउन सके आर्थिक गतिविधि बलियो रूपमा अगाडि बढ्ने उनको तर्क छ ।

'कर्जा विस्तार गर्दा जोखिम व्यवस्थापनसँगै स्थानीय आर्थिक प्राथमिकता हेरिनुपर्छ । उत्पादनमुखी क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्छ', उनले भने ।

गभर्नर पौडेलले बैंक तथा वित्तीय संस्थाले आफ्नो नाफा वृद्धि केवल कर्जाको दरमा निर्भर नगराई व्यवसाय विस्तार, सेवा प्रवाहको सहजता र प्रविधिको प्रभावकारी प्रयोगमा ध्यान दिनुपर्ने सुझाव दिए । उनले भने, 'मौद्रिक नीतिका उद्देश्य पूरा गर्न बैंकहरू स्वयं सक्रिय हुनुपर्छ । वित्त र मौद्रिक नीति अझ लचक हुँदै जानेछन्, त्यसको लाभ लिन बैंक तथा वित्तीयसंस्थाहरूतयारहुनुपर्छ ।'

अर्थतन्त्र सुधारका लागि सबै क्षेत्र समान रूपमा जिम्मेवार रहेको स्मरण गराउँदै गभर्नर पौडेलले वर्तमान आर्थिक अवस्थालाई हेर्दा सरकारको पूँजीगत खर्च बढाउन जरुरी रहेको बताए । 'अर्थतन्त्रका विभिन्न गतिविधि बढ्दै छन् । यसलाई थप गतिशील बनाउन सबै क्षेत्रलाई प्राथमिकतामा राखेर अघि बढ्नुपर्छ,' गभर्नर पौडेलले भने ।

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले सामाजिक सञ्जाल तथा सञ्चार माध्यमबाट फैलिएको गलत सूचनाले नेपालमा लगानी वातावरण र निजी क्षेत्रको मनोबलमा प्रतिकूल असर परेको बताए । उनले जेनजी आन्दोलनका क्रममा गलत सूचनाका कारण निजी क्षेत्रले ठूलो क्षति व्यहोर्नुपरेको स्मरण गराउँदै भने, 'गलत सूचना कस्तो विनाशकारी हुन सक्छ भन्ने उदाहरण हामीले हालै जेन्जी आन्दोलनमा भोग्यौँ ।'

अध्यक्ष ढकालका अनुसार आन्तरिक तथा बाह्य लगानी आकर्षित गर्न सञ्चार माध्यमको महत्वपूर्ण भूमिका रहन्छ । लगानीलाई प्रोत्साहन दिने वातावरणका लागि सुशासन, भ्रष्टाचार नियन्त्रण र सहज सेवा प्रवाह अनिवार्य रहेको भन्दै उनले सरकारसँग निजी क्षेत्र लामो समयदेखि यिनै माग राख्दै आएको जानकारी दिए ।

'निजी क्षेत्र नै अर्थतन्त्रको इन्जिन हो । तर हरेक राजनीतिक आन्दोलनमा निजी क्षेत्रमाथि आक्रमण हुने क्रमले लगानी उत्साह घटाएको छ', उनको भनाइ छ । अध्यक्ष ढकालले मुलुकमा केही पनि काम नभएको जस्ता नकारात्मक धारणा चिर्नुपर्ने आवश्यकता औँल्याउँदै राज्यबाट व्यक्त गरिएका नीति तथा प्रतिबद्धता कार्यान्वयनमा जोड दिए । उनले भूतप्रभावी कानुन तथा अनिश्चितता सिर्जना गर्ने प्रावधानले लगानी वातावरण कमजोर पारेको टिप्पणी गरे ।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले लगानीकर्ताको खस्किएको मनोबल उकास्न राज्यले तुरुन्त कदम चाल्नुपर्ने बताए । 'बाह्य क्षेत्र राम्रो छ, बैंक तथा वित्तीय संस्थामा पर्याप्त तरलता छ, ब्याजदरमा सुधार छ । तर लगानी बढ्न सकेको छैन', उनले चिन्ता व्यक्त गर्दै भने, 'समग्र अर्थतन्त्रलाई असर नपुगोस् भन्न आर्थिक क्षेत्रका सबै समस्याको समाधान गर्नुपर्छ ।' पाण्डेका अनुसार आर्थिक समृद्धिका लागि सुशासन, भ्रष्टाचार नियन्त्रण, र लगानीमैत्री वातावरण अपरिहार्य छ ।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले कोभिड–१९ पछि मुलुकको आर्थिक अवस्था पूर्णरूपमा सुधार हुन नसकेको उल्लेख गर्दै पछिल्लो समय औद्योगिक प्रतिष्ठान सुरक्षाका दृष्टिले संवेदनशील बन्दै गएको बताए । उनले निजी क्षेत्रको मनोबल दिनप्रति दिन खस्किरहेको बताउँदै लगानी सुरक्षाको प्रत्याभूति राज्यले अनिवार्य गर्नुपर्नेमा जोड दिए । युवाको ठूलो सङ्ख्यामा विदेश पलायन, उद्यमी व्यवसायी कालोसूचीमा पर्नु र कर्जा प्रवाह तथा कर प्रणालीका कठिनाइले व्यवसायी निराश बनिरहेको उनको विश्लेषण छ ।

अध्यक्ष अग्रवालले सरकारलाई यस क्रममा केही तत्कालीन कदम चाल्न सुझाव पनि प्रस्तुत गरे । कर्जाको पुनःसंरचना प्रभावकारी रूपमा लागू गर्नुपर्ने, चालू पुँजी कर्जासम्बन्धी मार्गदर्शन खारेज गर्नुपर्ने, मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदर कायम गरी सरल बनाउनुपर्ने, नकारात्मक सूचीका वस्तुबाहेक अन्य वस्तुमा अन्तःशुल्क दर घटाउनुपर्ने, निर्यात अनुदान निरन्तरता दिनुपर्ने, सहकारी सङ्कट समाधानका लागि उधारो असुलीसम्बन्धी कानुन बनाउनुपर्नेलगायत उनले सुझाव दिए ।रासस

# जेन्जी आन्दोलनका नौ घाइतेले लिए राहत र परिचयपत्र

**चितवन।**
गत भदौ २३ र २४ गते भएको आन्दोलनका क्रममा घाइतेमध्ये नौ जनाले राहत रकम बुझेका छन् । उनीहरुले परिचय पत्रसमेत लिएका छन्। जिल्लामा भएका १४२ जना घाइतेमध्ये उनीहरुले राहत रकम लिएका हुन् । दुई जना छुटको नाम समावेश गर्न गृह मन्त्रालयमा पठाइएको सहायक प्रमुख जिल्ला अधिकारी चुडामणि शर्मा गौतमले बताए।

उनका अनुसार अहिलेसम्म अपेक्षाकृत रुपमा घाइतेहरु परिचय पत्र बनाउन र राहत रकम बुझ्न आएका छैनन् । उनले भने, 'कतिपयले सामान्य घाइते हो भन्दै आउन नखोजेको पाइएको छ।' जेन्जी आन्दोलनका जिल्ला नेतृत्वहरुले यसलाई लिखत रुपमा दिन प्रशासनले आग्रहसमेत गरेको छ।

स्थायी ठेगाना अन्य जिल्ला भएका घाइतेहरुले आफ्नो जिल्लाबाट रकम लिएको हुन सक्ने भएकाले दोहोरो नपर्ने गरी काम गर्नुपर्ने उनले बताए। 'स्थायी ठेगाना भएको ठाउँबाट राहत रकम नबुझेको प्रमाण पेस गरे हामीले राहत र परिचय पत्र दिन्छौँ', उनले भने । घाइतेहरुको वर्गीकरणको काम यही साताभित्र गर्ने तयारी गरिएको उनले जानकारी दिए । घाइतेलाई राहत स्वरुप सरकारले २० हजार रुपैयाँ दिने निर्णय गरेको थियो । रासस

# निर्धारित मितिमै निर्वाचन हुन्छः मन्त्री घिसिङ



**मोरङ।**
ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले निर्धारित मितिमै निर्वाचन सम्पन्न हुने र यस्मा कुनै शङ्का गर्नु नपर्ने बताएका छन ।सोमवार बेलबारी नगरपालिकास्थित आदिवासी जनजाति भवनमा आयोजित अन्तरक्रियामा उनले जेन्जी आन्दोलनपछि बनेको अन्तरिम सरकारको मूल दायित्व तत्काल समस्या समाधान गर्दै निर्वाचनको वातावरण तयार गर्नुभएको बताए।

'हामीसँग बजेटको समस्या छैन, चुनाव गराउन कुनै आर्थिक सङ्कट छैन। यो सरकारको मुख्य भूमिका नै फागुन २१ को चुनाव सम्पन्न गरेर देशलाई स्थायित्व दिनु हो,' उनले भने।

राष्ट्र निर्माणको वास्तविक आधार मानिसको सोच, चरित्र र क्षमता भएको उनको धारणा थियो।

उनले राजनीतिक नेतृत्वबारे टिप्पणी गर्दै भने, 'सही समयमा सही व्यक्ति प्रधानमन्त्री नभएसम्म देश चल्दैन, ७५ वर्षको अनुभवले देखायो राजनीतिक परिवर्तनले मात्र देश बन्दैन रहेछ ।' उनले अगामी निर्वाचन ठूलो अवसर भएकाले जनताले सही नेतृत्व छान्न आग्रहसमेत गरे ।रासस

# वामपन्थी शक्तिहरु एक भएर जानुपर्छः संयोजक दाहाल



**विराटनगर,**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली जनताको आत्मसम्मान र स्वाधीताका निम्ति वामपन्थीहरु एक हुनुपर्ने बताएका छन।

नेपाली कम्युनिष्ट पार्टी कोशी प्रदेशद्वारा सोमवार विराटनगरमा आयोजित 'पार्टी एकता सन्देश सभा'लाई सम्बोधन गर्दै उनले मुलुक अहिले सङ्कटमा रहेको र नेपाली जनताको आत्मनिर्णयको अधिकार रक्षा गर्न नेपाली सेना र नेपाल प्रहरीले मात्र गर्न नसक्ने भन्दै सम्राज्यवादलाई परास्त गर्न सबै नेपाली फौजी जस्तो बन्नुपर्ने धारणा राखे।

संयोजक दाहालले संस्थालाई जोगाउन राष्ट्रपति रामचन्द्र पौडेललाई अन्तरिम सरकार बनाउन आफूहरुले पनि सहमति दिएको बताए । उनले आफूहरुलाई सच्चिनका लागि जेन्जी आन्दोलनले सचेत बनाएको प्रसङ्ग उल्लेख गर्दै नेपालमा दलहरुले एकता र विभाजनको पीडा भोगिसकेको स्मरण गराए । जेन्जी आन्दोलनबाट उठेका मागलाई सम्बोधन गर्न, नेपाली जनतालाई बलियो बनाउन, सुशासन र भ्रष्टाचारलाई नियन्त्रण गर्न १६ वटा कम्युनिष्ट पार्टीहरु मिलेर नेपाली कम्युनिष्ट पार्टी बनेको उनको भनाइ थियो । उनले सरकारले तोकिएकै समयमा निष्पक्ष, धाधलीरहित, स्वतन्त्र रुपमा निर्वाचन सम्पन्न गर्न आवश्यक वातावरण तयार गर्नुपर्ने सुझाव पनि दिए।

पार्टीका सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले नेपालीको पहिचान र स्वाधीनतालाई रक्षा गर्न वामपन्थीहरु एक भएको बताए । उनले कम्युनिष्टहरुको क्रान्तिकारी चरित्र जोगाउन पार्टीहरुलाई एकीकरण गरेको धारणा राख्दै नेपाली सभ्यता, संस्कृति, सामाजिक न्याय र समानुपाति प्रणालीलाई जोगाउन आफ्नो पार्टी प्रतिबद्ध रहेको उल्लेख गरे।

उक्त पार्टीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले विभिन्न समयमा कम्युनिष्टहरुको सरकार बने पनि नेपाली जनताको सर्वोच्च हितमा काम गर्न नसकेको धारणा राख्दै आफ्नो पार्टीले निर्वाचनबाट बहुमत ल्याउन सक्यो भने भूमि सुधार आयोग, कृषिमा आधुनिकीकरण, औद्योगिकीकरण गरी रोजगार सृजना गर्नेमा प्रतिबद्धता व्यक्त गरे।

नेता नारायणकाजी श्रेष्ठले सङ्घीयतालाई रक्षा गर्न, सुदृढीकरण गर्न र संविधानमा रहेका कमीकमजोरीलाई परिमार्जन गर्न आफ्नो पार्टी दृढ सङ्कल्पित रहेको बताए।

नेता डा भीम रावलले मुलुकमा समृद्धि र आर्थिक विकासमा आफ्नो पार्टी प्रतिबद्ध रहेको चर्चा गरे । पार्टी एकता सन्देशसभाका संयोजक हरिबोल गजुरेलको अध्यक्षतामा भएको सो कार्यक्रममा पार्टीमा आबद्ध सरिता थापा, गोपाल किराँती, राजेन्द्र श्रेष्ठ र रुपेश खतिवडालगायतले बोलेका थिए।रासस

# उपराष्ट्रपति यादवसँग फिनल्यान्डका राजदूतको शिष्टाचार भेट



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहाय प्रसाद यादवसँग नेपालका लागि फिनल्यान्डका राजदूत पेट्री जुहानी पुहाक्काले सोमवार लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा शिष्टाचार भेटवार्ता गरेका छन ।

भेटवार्ताका क्रममा शुभकामना आदानप्रदानसँगै नेपाल–फिनल्यान्ड द्विपक्षीय सम्बन्ध, नेपालको सामाजिक–आर्थिक विकासमा फिनल्यान्डको सहयोग तथा बहुपक्षीय मञ्चमा सहकार्यबारे महत्वपूर्ण छलफल भएको थियो ।

उपराष्ट्रपति यादवले सन् १९७४ मा दौँत्य सम्बन्ध स्थापना भएपश्चात् नेपाल र फिनल्यान्डबीच कायम रहिआएको मैत्रीपूर्ण सम्बन्धप्रति खुसी व्यक्त गर्दै फिनल्यान्डको सहयोग विशेषतः वन क्षेत्र, जलवायु सहनशीलता, शिक्षा, सुरक्षित खानेपानी, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशितामा केन्द्रित रहनु प्रशंसनीय भएको बताए ।

'फिनल्यान्डले बहुपक्षीय मञ्चमा जलवायु परिवर्तनजस्ता अन्तरराष्ट्रिय मुद्दामा निर्वाह गरेको भूमिकाको नेपालले प्रशंसा गर्दछ,' उनले भने, 'आपसी हितका विषयमा दुईपक्षीय तथा बहुपक्षीय मञ्चमा नेपाल र फिनल्यान्डको सहकार्य निरन्तर जारी रहने विश्वास लिएको छु ।'

उपराष्ट्रपति यादवले नेपाल आगामी वर्ष अतिकम विकसित मुलुकको सूचीबाट स्तरोन्नति हुने र सन् २०३० सम्म मध्यम आय भएको मुलुक बन्ने लक्ष्य राखेको जानकारी दिए । यस स्तरोन्नतिलाई दिगो तथा अपरिवर्तनीय बनाउन फिनल्यान्डसहित विकास साझेदारबाट प्रविधि, लगानी तथा आर्थिक साझेदारी अपरिहार्य हुनेमा उनले जोड दिए ।

राजदूत पुहक्काले फिनल्यान्ड युरोपेली सङ्घसँगको सहकार्यमा नेपालमा सञ्चालन भइरहेका तीन प्रमुख द्विपक्षीय विकास परियोजनाबारे जानकारी दिए ।

उनले भने, 'ती परियोजनामा कर्णालीमा सुरक्षित तथा दिगो पानी र सरसफाइमा पहुँच सुधार गर्ने, कर्णाली तथा सुदूरपश्चिममा प्राकृतिक स्रोत व्यवस्थापन तथा जीविकोपार्जनमार्फत जलवायु प्रतिरोधात्मक क्षमता निर्माण गर्ने एवं कर्णाली, सुदूरपश्चिम तथा मधेसमा विद्यालय सुदृढीकरण गर्दै शिक्षकलाई आवश्यक उपकरण उपलब्ध गराउने रहेका छन् ।'रासस

# नागरिकमा गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउन सरकार प्रत्यन्तशील छः मुख्यमन्त्री बानियाँ

**बागमती ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले हरेक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा पु¥याउन प्रदेश सरकार प्रत्यत्नशील रहेको बताएका छन ।

बागमती प्रदेश सरकारको स्वास्थ्य मन्त्रालयद्वारा सोमवार हेटौँडामा आयोजित 'एक स्वस्थ्य सहर, एक स्थानीय तहमा एक नमूना स्वास्थ्य संस्था' का लागि प्रदेश स्वास्थ्य सहजकर्तालगायतको पैरवी, समन्वय र अन्तरक्रिया कार्यक्रममा उनले नागरिकको स्वास्थ्यलाई केन्द्रमा राखेर काम भइरहेको बताएका हुन ।

मुख्यमन्त्री बानियाँले नागरिक स्वस्थ्य भए मात्र समाज र राष्ट्र स्वस्थ्य हुने भन्दै स्वास्थ्य सेवालाई प्रभावकारी बढाउन प्रदेश सरकारले स्वास्थ्य नीति बनाएर काम गरिरहेको बताए । प्रदेश सरकारले यहाँ 'एक जिल्ला एक स्वस्थ्य सहर' कार्यक्रम सञ्चालन गर्न लागेको छ । प्रदेश सरकारले स्वास्थ्य सेवा क्षेत्रलाई विशेष प्राथमिकता दिएर 'एक जिल्ला एक स्वस्थ सहर', 'एक स्थानीय तह एक नमूना सहर', 'एक विद्यालय एक नर्स' तथा स्वास्थ्य बिमालगायत कार्यक्रम अघि बढाएको उनले बताए ।

मुख्यमन्त्री बानियाँले गुणस्तरीय सेवामार्फत स्वस्थ्य प्रदेश बनाउन क्यान्सर, हृदयरोग तथा डायलासिस सेवालाई बिस्तार गरिएको उल्लेख गरे ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापा मगरले स्वास्थ्य क्षेत्रमा सुधार गर्न सर्ने र नसर्ने दुवै प्रकृतिका रोग नियन्त्रणका लागि ठोस योजना बनाएर काम भइरहेको बताए । कार्यक्रममा बागमती प्रदेशका १३ वटै जिल्लाका पालिका प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिको सहभागिता रहेको स्वास्थ्य मन्त्रालयका सचिव डा सुमित्रा गौतमले जानकारी दिईन ।रासस

# विदेशबाट फर्केर गाउँमै 'सस्तोबजार' सञ्चालन



**कञ्चनपुर ।**
वैदेशिक रोजगारीमा १६ वर्ष बिताएर स्वदेश फर्किएका यहाँको बेदकोट नगरपालिका–१ सुडाका बसन्तराज भट्टले विदेशमा सिकेका सीप र अनुभवलाई उपयोग गर्दै गाउँमै व्यवसाय सुरु गरेका छन ।

उनले गाउँमै 'आफ्नो बजार, सस्तोबजार' नामक किराना तथा दैनिक उपभोग्य सामग्री पसल सञ्चालन गर्न थालेका हुन । कुवेतमा वर्षौंसम्म पसल तथा आपूर्ति व्यवस्थापनसँग सम्बन्धित काम गरेका भट्टले त्यही अनुभवलाई आधार बनाउँदै गाउँमै गुणस्तरीय सेवा दिने उद्देश्यले व्यवसाय सुरु गरेका छन ।

विदेशबाट स्वदेश फर्केर केही उत्पादनमूलक काम गर्ने लक्ष्य रहेको बताउनुहुने उनले स्वदेशमै दिगो जीविकाको सम्भावना देखेपछि व्यवसायमा हात हालेका बताए ।

भट्टले करिब १० लाख रुपैयाँ लगानी गरी घरैमा आधुनिक शैलीको किराना पसल स्थापना गरेका छन । स्थानीय ग्राहकलाई दैनिक उपभोग्य सामग्रीदेखि तरकारीसम्म एकै स्थानमा सहजै उपलब्ध गराउने उद्देश्यले पसल सञ्चालन गरेका हुन ।

'कुवेतमा काम गर्दा पसलमा सामान कसरी सजाउने, कसरी मूल्य निर्धारण गर्ने, हिसाब–किताब गर्ने, ग्राहकसँग कसरी व्यवहार गर्ने भन्ने सबै सीप त्यहीँ सिकेँ,' भट्ट भन्छन, 'अब त्यही सीप प्रयोग गरी व्यवसाय सुरु गरेको छु ।'

भट्टको पसलले छोटो समयमा स्थानीय ग्राहकको ध्यान तान्न सफल भएको छ । ग्राहकअनुकूल मूल्य, गुणस्तरीय सामान र छरितो सेवा उहाँका प्रमुख आकर्षण बनेका छन् ।

'थोरै नाफा राखेर सामान बेच्ने गर्छु, ग्राहकको मागका आधारमा आवश्यक वस्तु मात्र राख्छु,' भट्ट भन्छन्, 'गुणस्तर राम्रो भएकाले अहिलेसम्म कुनै गुनासो आएको छैन, उल्टै ग्राहकको विश्वास बढ्दै गएको छ ।'

पसलमा तरकारी, फलफुल, 'ड्राइफ्रुट्स', मसला, चामल, दाल, चिनी, गेडागुडी, तेल, भान्छाका सामग्री, मिठाइ तथा दैनिक घरायसी सामान उपलब्ध छन् । एउटै छानामुनि आवश्यक वस्तु पाइने भएकाले घरपरिवार, विद्यार्थी तथा कार्यालयका कर्मचारीसम्म भट्टको 'सस्तोबजार'मा आकर्षित हुने गरेका छन् ।

हाल भट्टको पसलमा दैनिक १० हजार रुपैयाँ देखि १५ हजार रुपैयाँसम्मको बिक्री हुन्छ । जसबाट दुई हजार रुपैयाँ देखि तीन हजार बराबरको नाफा आर्जन हुने गरेको उनले बताए ।

'बढी मार्जिन राखेर सामान बिक्री गरे नाफा बढी हुन्थ्यो', उनले भने, 'थोरै मार्जिन राखेर ग्राहकलाई गाउँकै बजारबाट सबै सामान उपलव्ध गराउने सामाजिक सेवा भाव राखेर व्यवसायलाई अगाडि बढाउँदै आएको छु, ग्राहकको माया पाएको छु ।'

विदेशमा पनि उहाँको कमाइ महिनामै एक लाख रुपैयाँको हाराहारीमा थियो । तर परिवारदेखि टाढा, घरभन्दा धेरै पर रहेकाले अब गाउँमै केही गर्नुपर्छ भन्ने सोचल पसल सुरु गरेको उनको भनाइ छ ।

लामो समय विदेशमा बस्दा परिवारजनसँग समय बिताउन नपाउँदा खिन्नता हुने गरेको भट्ट बताछन । अहिले भने बिहानदेखि बेलुकासम्म आफ्नै पसलमा काम गर्ने, परिवारसँगै बस्ने र गाउँकै मानिससँग घुलमिल हुन पाएकोमा उनि खुशी छन ।

पसलमा श्रीमती र परिवारका सदस्यले पनि सहयोग गर्दै आएका छन् । 'स्वदेशमै बसेर इमान्दारीका साथ व्यापार गर्दा राम्रो कमाइ हुन्छ भन्ने अहिले महसुस भइरहेको छ,' भट्ट भन्छन, 'अब बजारलाई अझ विस्तार गर्ने, ग्राहकसेवा सुधार्ने, ग्राहकको अनलाईन अर्डरअनुसार घरमै सामान पुर्याउने र आधुनिक बिलिङ प्रणालीसम्म ल्याउने योजनामा छु ।'

उनले वैदेशिक रोजगारीबाट फर्केर स्वदेशमै अवसर खोज्ने युवाका लागि पनि व्यवसायमार्फत प्रेरणा दिएका छन ।रासस

# घरजग्गा कारोबार गर्ने कम्पनीलाई आवेदन दिने म्याद थप

**काठमाडौँ।**
भूमि व्यवस्थापन तथा अभिलेख विभागले घर जग्गासम्बन्धी कारोबार गर्न इजाजत पत्र लिन चाहने फर्म, कम्पनी वा संस्थालाई आवेदनका लागि म्याद थप गरेको छ।

विभागले यही मङ्सिर २७ गतेसम्म आवेदन दिन सकिने गरी म्याद थप गरेको हो । यसअघि विभागले गत असोज १३ गते सूचना प्रकाशित गर्दै आवेदनका लागि सार्वजनिक आह्वान गरेको थियो । घर जग्गासम्बन्धी कारोबार गर्न इजाजत पत्र लिनुपर्ने मालपोत ऐन, २०३४ मा भएको व्यवस्था बमोजिम सरकारले राजपत्रमा सूचना प्रकाशित गरी घरजग्गा कारोबार गर्ने कम्पनीका हकमा कार्यक्षेत्र समेत तोकेको थियो । विभागले पहिलो चरणमा महानगरपालिका र उपमहानगरपालिकालाई कार्यक्षेत्रका रुपमा परिभाषित गरेको थियो।

एक पटकमा तीन करोड रुपैयाँ भन्दा बढीको कारोबार गर्ने इच्छुक फर्म, कम्पनी वा संस्थाले आवेदन दिन सकिने प्रबन्ध गरेको थियो । घरजग्गाको व्यवसायलाई पारदर्शी, मर्यादित एवम् वैज्ञानिक बनाउने उद्देश्यका साथ कारोबारलाई व्यवस्थित गर्न लागेको जनाइएको छ।

विभागले गत शुक्रबारदेखि लागू हुने गरी आवेदनको म्याद थप गरिएको जनाएको हो।

विभागले पहिलो चरणमा छ वटा महानगर र ११ उपमहानगपालिकामा घर जग्गा कारोबारलाई व्यवस्थित बनाउने उद्देश्यका साथ कम्पनी दर्ताको प्रक्रिया अगाडि बढाएको छ । यसअघि प्रकाशित सूचनाअनुसार न्यून सङ्ख्यामा आवेदन परेकाले म्याद थप गरिएको हो।

विभागका अनुसार गत कात्तिकमा घरजग्गा कारोबारबाट दुई अर्ब ७४ करोड ५१ लाख ७२ हजार १९९ रुपैयाँ बराबरको राजस्व सङ्कलन भएको थियो । त्यसैगरी सेवा कर २१ करोड ३४ लाख ४७ हजार ४१३ रुपैयाँ, रजिष्ट्रेशन शुल्क एक अर्ब ५० करोड ६२ लाख ९६ हजार १४ रुपैयाँ, पूँजीगत लाभकर ९९ करोड ७८ लाख ४४ हजार ३९२ रुपैयाँ बराबर सङ्कलन भएको थियो । रासस

# एनपिएलः आज चार समूहले प्रतिस्पर्धा गर्दै

**काठमाडौँ।**
राजधानीमा जारी दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत सोमवार विश्राम दिइएको छ।

मङ्गलबार भने दुई खेल राखिएका छन् । त्रिभुवन विश्वविद्यालय अन्तरराष्ट्रिय क्रिकेट रङ्गशाला, कीर्तिपुरमा बिहान ११:४५ बजे हुने पहिलो खेलमा साविक विजेता जनकपुर बोल्ट्स र चितवन राइनोज भिड्दा अपरान्ह ४ बजे हुने दोस्रो खेलमा पोखरा एभेन्जर्स र कर्णाली याक्स आमनेसामने हुनेछन्।

लगातार चार खेल हारेर पुछारमा रहेको जनकपुरले यो खेल जितेर गणितीय हिसाबले भए पनि प्लेअफको दौडमा कायम रहन चाहन्छ।

चार खेलबाट दुई खेल जितेको चितवन भने यो खेल जितेर प्लेअफको सम्भावना बलियो बनाउन चाहन्छ । अपरान्ह ४ बजे हुने दोस्रो खेलमा पोखरा र कर्णालीबीच भिडन्त हुनेछ।

दुबै टोलीका लागि यो खेल प्लेअफ पुग्न महत्त्वपूर्ण छ। चार खेलमा एक खेल मात्रै जितेको पोखरालाई यो खेल जिते प्लेअफको यात्रामा पुग्न सहज हुनेछ। कर्णालीका लागि भने यो खेल गर या मरको अवस्थामा छ।

मङ्सिर १ गतेदेखि सुरू प्रतियोगितामा हालसम्म १९ खेल सम्पन्न भएका छन् । अपराजित सुदूरपश्चिम रोयल्स मात्रै १० अङ्क जोडेर प्लेअफ पुग्ने पहिलो टोली बनेको छ । रासस

# पूर्वी नाकाबाट १६ अर्बको आयात, आठ अर्बको निर्यात




बनियानी ।
पूर्वी नाका काँकरभिट्टाबाट चालु आर्थिक वर्षको चार महिनामा १६ अर्ब रुपैयाँ बढीको मालवस्तु आयात हुँदा ८ अर्बको निर्यात भएको छ । चालु आव २०८२÷८३ को साउन महिनादेखि कात्तिक मसान्तसम्म १६ अर्ब दुई करोड पाँच लाख तीन हजार रुपैयाँ बराबरको मालवस्तु आयात भएको मेची भन्सार कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंले जानकारी दिए ।

गत आवको सोही अवधिको तुलनमा आयातमा १२.१२ प्रतिशत वृद्धि भएको छ भने निर्यात ४.१२ प्रतिशतले घटेको छ । चालु आवको चार महिनामा ८ अर्ब ९६ करोड सात लाख ३३ हजार रुपैयाँ बराबरको मालवस्तु निर्यात भएको कार्यालयले जनाएको छ । गत आवमा सोही अवधिमा ८ अर्ब ३० करोड २७ लाख ८७ हजार रुपैयाँ बराबरको सामान निर्यात भएको थियो ।

चार महिनाको अवधिमा कार्यालयले आयात र निर्यातबाट ५ अर्ब ४६ करोड एक लाख ९८ हजार रुपैयाँ राजस्व सङ्कलन गरेको छ । आयातबाट पाँच अर्ब ३३ करोड ६७ लाख ३८ हजार रुपैयाँ र निर्यातबाट १२ करोड ३४ लाख ६० हजार रुपैयाँ राजस्व सङ्कलन गरेको हो । राजस्व असुलीमा भने १५.६६ प्रतिशत अर्थात ७३ करोड ९४ लाख ७५ हजार वृद्धि भएको छ ।

काँकरभिट्टा नाकाबाट निर्यात हुने मुख्य १० वस्तुमध्ये अलैँची, भेनियर सिट, कुकुर वा बिरालोको खाना, अदुवा÷सुठो, काउली, बन्दाकोभी र ब्रोकाउली र मुसुरो दालको निर्यात वृद्धि भएको छ, भने चिया, प्लाइउड, अम्रिसो र फलामे पाताको निर्यातमा कमी आएको छ ।

अलैँची निर्यात दोब्बर बढीले वृद्धि भएको छ । ३ अर्ब ९७ करोड ४३ लाख ७३ हजार रुपैयाँको अलैँची निर्यात भएको छ । जुन गत वर्षको सोही अवधिको तुलनमा १०९.२ प्रतिशत अर्थात् २ अर्ब ७ करोड ४१ लाख ३२ लाख रुपैयाँले बढी हो । चिया निर्यातमा भने झण्डै एक तिहाइ गिरावट आएको छ । चालु आर्थिक वर्षको चार महिनामा १ अर्ब ३७ करोड ३० लाख ७७ हजार रुपैयाँ बराबरको चियाको निर्यात भएको छ । जुन अघिल्लो वर्षको सोही अवधिको ३७ प्रतिशतले कमी हो ।

प्लाइउड निर्यातमा ५२.७ प्रतिशतले कमी आएको छ । गत आवको कात्तिक मसान्तसम्ममा १ अर्ब २५ करोड ७२ लाख ५९ हजार रुपैयाँ बराबरको प्लाइउड निर्यात भएकामा चालु आवको सोही अवधिमा ५९ करोड ५० लाख १८ हजार रुपैयाँको मात्र निर्यात भएको छ । जुन अघिल्लो आवको तुलनामा ६६ करोड २२ लाख ४१ हजार रुपैयाँले कमी हो । यता, भेनियर सिटको निर्यात १३५.८ प्रतिशत वृद्धि भएको छ । गत आवमा १६ करोड ४५ लाख १२ हजार रुपैयाँको निर्यात भएकोमा चालु आवमा ३८ करोड ६२ लाख ६८ हजार रुपैयाँको निर्यात भएको छ । जुत अघिल्लो आवको तुलनामा २२ करोड १७ लाख ६८ हजार रुपैयाँले बढी हो । कुकुर र बिरालोको खाना निर्यातमा ३३ प्रतिशत वृद्धि भएको छ । चालु आवको चार महिनामा ३७ करोड ९९ लाख १२ हजार रुपैयाँको कुकुर र बिरालोको खाना निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ ।

अम्रिसो निर्यातमा २३.९ प्रतिशतले गिरावट आएको छ । २६ करोड २५ लाख ६३ हजार रुपैयाँ बराबरको अम्रिसो निर्यात भएको छ । अदुवा÷सुठो निर्यात ३.२ प्रतिशतले वृद्धि भएको छ । २४ करोड २४ लाख १६ हजार बराबर रुपैयाँ को अदुवा÷सुठो निर्यात भएको छ । काउली, बन्दाकोभी र ब्रोकाउलीको निर्यात भने ३६.१ प्रतिशतले वृद्धि भएको छ । चालु आवमा ११ करोड ३१ लाख ९१ हजार रुपैयाँ बराबरको काउली, बन्दाकोभी र ब्रोकाउलीको निर्यात भएको कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

उता, मसुरो दाल निर्यातमा व्यापक वृद्धि भएको छ । ४८१ प्रतिशत मुसुरो दाल निर्यात वृद्धि भएको कार्यालयले जनाएको छ । ९ करोड १२ लाख ८७ हजार रुपैयाँ बराबरको मुसुरो दाल यो नाकबाट निर्यात भएको छ । अघिल्लो आवको सोही अवधिमा १ करोड ५७ लाख १३ हजार रुपैयाँ बराबरको मुसुरो दाल निर्यात भएको थियो ।

चालु आवमा ३ करोड ७८ लाख ८३ हजार रुपैयाँ बराबरको मात्र फलामे पाता निर्यात भएको कार्यालयले जनाएको छ । फलामे पाता निर्यात ९७.३ प्रतिशतले गिरावट आएको छ ।रासस

# फ्लोरिडामा युक्रेन–अमेरिका उच्चस्तरीय वार्ता

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको आग्रहपछि युक्रेन–रूस युद्धमा मध्यस्थता गर्न दवाब बढाइरहेका ट्रम्प प्रशासनका उच्च अधिकारीहरू यस सप्ताहन्त फ्लोरिडामा युक्रेनी वार्ताकारसँग निरन्तर वार्तामा बसेका छन्। यो भेटवार्ताले आगामी दिनहरूमा मस्कोमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग हुने महत्त्वपूर्ण छलफलका लागि आधार तय गर्ने लक्ष्य राखेको छ।

यस उच्चस्तरीय बैठकमा अमेरिकी विदेशमन्त्री मार्को रुबियो, राष्ट्रपति ट्रम्पका विशेष दूत स्टिभ विटकफ तथा ज्वाइँ जारेड कुशनरले युक्रेनी प्रतिनिधिमण्डलसँग प्रस्तावित शान्ति संरचनाको मुख्य बुँदाहरूलाई थप स्पष्ट पार्न विस्तृत छलफल गरिरहनुभएको छ। सन् २०२२ मा सुरु भएको रूसी आक्रमणविरुद्ध हाल युक्रेनले प्रतिरक्षा मोर्चामा दबाब बढाइरहेको अवस्थामा यो वार्ता युक्रेनका लागि अत्यन्तै संवेदनशील घडीमा आएको हो।

यही बीच, फ्लोरिडा वार्ताको पूर्वसन्ध्यामा युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले आफ्नो शक्तिशाली चिफ अफ स्टाफ एन्ड्री यर्माकले पदत्याग गरेको घोषणा गरेका छन्।

यर्माक यतिबेलासम्म संयुक्त राज्य अमेरिकासँग चल्दै आएको वार्ताका प्रमुख प्रतिनिधिका रूपमा रहेका थिए। उनको निवासमा भ्रष्टाचारविरोधी अनुसन्धानकर्ताहरूले छापा मारेपछि उत्पन्न परिस्थितिले जेलेन्स्की सरकारमाथि थप आन्तरिक दबाब सिर्जना गरेको छ। ऊर्जा क्षेत्रमा ठेकेदारहरूले उपलब्ध गराएको अवैध किकब्याक मार्फत १० करोड डलरभन्दा बढी रकम हिनामिना भएको आरोपपछि सरकार आलोचनाको केन्द्रविन्दुमा रहेको छ।

रुबियो र यर्माकबीचको जेनेभास्थित भेटभएको एक हप्तामात्रै भएको थियो, जसमा दुवै पक्षले संशोधित शान्ति योजनाको दिशामा भएको प्रगति सकारात्मक रहेको बताएका थिए। तर अहिले भने युक्रेनी वार्ताकारहरूको टोली पुनःव्यवस्थित गरिएको छ। राष्ट्रपति जेलेन्स्कीका अनुसार नयाँ टोलीमा युक्रेनका सशस्त्र बलका प्रमुख एन्ड्री हेनाटोभ, विदेशमन्त्री एन्ड्री सिबिहा तथा सुरक्षा परिषद्का प्रमुख रुस्टेम उमरोभ समावेश छन्।

यसबीच वासिङ्टन र मस्कोबीच विकसित गरिएको ट्रम्पको २८–बुँदे प्रस्तावित योजना परिमार्जनमा कूटनीतिज्ञहरूको ध्यान केन्द्रित छ। रूसपक्षीय मागहरूतर्फ अत्यधिक ढल्किएको भन्दै आलोचना गरिएको उक्त प्रारम्भिक ढाँचाले डोनबासको सम्पूर्ण क्षेत्र रूसलाई हस्तान्तरण गर्ने कल्पना गरेको थियो, जुन युक्रेनका लागि सर्वाधिक विवादित विन्दु बनेको छ। प्रस्तावमा युक्रेनको सेनाको आकारमा सीमा निर्धारण गर्ने, नाटोमा सदस्यता नदिनेजस्ता प्रावधानहरू थिए भने १०० दिनभित्र निर्वाचन आयोजना गर्नुपर्ने बाध्यता पनि समावेश थियो। वार्ताकारहरूले केही बुँदामा परिमार्जन भएको सङ्केत गरिरहेका छन्, तर परिवर्तनको स्पष्ट स्वरूप हालसम्म खुलाइएको छैन।

यही क्रममा, शनिबार किएभ र आसपासका क्षेत्रमा रूसी ड्रोन तथा क्षेप्यास्त्र आक्रमणमा कम्तीमा तीनजनाको मृत्यु भएको र दर्जनौँ नागरिक घाइते भएको युक्रेनी अधिकारीले जानकारी दिएका छन्। युद्धको दबाबबीच भइरहेको वर्तमान वार्ताले स्थिति झन् जटिल बनाएको छ।राष्ट्रपति जेलेन्स्कीले सामाजिक सञ्जाल एक्समा युक्रेनी प्रतिनिधिमण्डलले 'युद्ध अन्त्यका लागि आवश्यक कदमहरू छिटो र प्रभावकारी रूपमा अघि बढाउनेछ' भनेर आशा व्यक्त गरेका छन्। एजेन्सी

# सालझण्डी–ढोरपाटन सडकः तीन पटक म्याद थप्दा ६० प्रतिशत काम



**बागलुङ ।** तराई र पहाडलाई जोड्ने गरी निर्माण भएको सालझण्डी–ढोरपाटन सडकको बागलुङ खण्डमा कामले गति लिन सकेको छैन । ट्र्याक खुलेको वर्षौंसम्म सडक स्तरोन्नति हुन नसक्दा स्थानीय र ढोरपाटन आउने पर्यटकले सास्ती खेप्नु परेको छ । सडकको बुर्तिबाङ–फल्लेघरसम्मको करिब २२ किलोमिटर सडक ग्राभेलका लागि चार वर्ष अगाडि स्वच्छन्द÷ओमबुद्ध जेबी काठमाडौंले जिम्मा पाएको थियो ।

विसं २०८० वैशाखका ग्राभेल गरिसक्नुपर्ने भए पनि अहिलेसम्म जम्मा ६१ प्रतिशत मात्रै काम सकिएको छ । ३० महिनामा सक्नेगरी विसं २०७८ कात्तिक ५ गते सम्झौता भएको थियो । निर्माण कम्पनीले अहिले तेस्रो पटक म्याद थप गरेर काम गरिरहेको छ ।

उक्त म्याद पनि आगामी विसं २०८३ जेठसम्म रहेको छ । २५ करोड ६१ लाख ३१ हजार १६६रुपैयाँ मा उक्त खण्ड स्तरोन्नति भइरहेको सालझण्डी–ढोरपाटन सडक आयोजनाका सूचना अधिकारी कृष्टिना थापाले जानाकारी दिए । अहिले सडक फराकिलो बनाउने, नाली निर्माणसहित ग्राभेलको काम भइरहेको उनको भनाइ छ । केही समयदेखि निर्माण कम्पनीले धमाधम काम गरिरहेको थापाले बताए । यो अन्तिम म्याद रहेको उनि बताउछन । आगामी जेठसम्म नसके अर्को प्रक्रियामा जाने थापाको भनाइ छ । निर्माण कम्पनीले अहिलेकै गतिमा काम गरे जेठसम्म काम सक्ने उनि बताउछन ।'लामो समय काम नहुँदा सडक अलपत्र परेको थियो, अहिले निर्माण कम्पनीले मेसिन र कामदार लगाएर काम गरिरहेको छ, सुरुबाटै काम गरेको भए एक वर्ष अगाडिनै सकिनुपर्ने हो, तर काम भएन,' उनले भने, 'अहिलेको गतिमा काम भए त यो म्यादभित्र काम सकिन समस्या छैन, आशा गरौँ काम सकिएला ।'

स्वच्छन्द÷ओमबुद्ध जेबीका प्रतिनिधि डालबहादुर कुँवरले आगामी जेठ महिनासम्म काम सक्ने गरी तीव्र गतिमा भइरहेको बताए । अहिले सडकका विभिन्न खण्डमा छ वटा ठूला मेसिनसहित कामदार लगाएको उनको भनाइ छ । पुस र माघ महिनामा धेरै चिसो हुने हुँदा अहिलेनै अलि बढी काम सक्नुपर्ने बाध्यता रहेको कुँवरले सुनाए। गत मङ्सिरदेखि यस खण्डमा कामले गति लिएको हो ।

विसं २०६८ मा रूपन्देहीदेखि सुरु भएको यस सडक अर्घाखाँचीको सन्धिखर्क, गुल्मी, पाल्पाहुँदै ढोरपाटन जोडिएको छ । रूपन्देहीमा, अर्घाखाँची, पाल्पा र गुल्मी जिल्लामा काम तीव्र गतिमा भए पनि बागलुङ खण्डमा अपेक्षा अनुसार काम हुन नसकेको हो । यतिका समयसम्म काम सम्पन्न हुनहुँदा हिउँदमा हिलो र बर्खामा धुलोले स्थानीय र ढोरपाटन आउन पर्यटकले सास्ती खेप्नु परेको ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायतले बताए ।

पछिल्लो समय ढोरपाटनमा आउने पर्यटकको चाप बढेको भन्दै सडकको दुरावस्थाका कारण दुःख पाउनु परेको उनको भनाइ छ ।

उपप्रमुख कायतले भने, 'बुर्तिबाङ–ढोरपाटन लामो समयसम्म स्तरोन्नति नहुँदा हजारौँ स्थानीय र पर्यटकले दुःख पाएका छन्, अहिले निर्माण कम्पनीले काम सक्ला भन्ने छ, काम गरिरहेको हुँदा आशा पलाएको छ, यो ढोरपाटनमा उत्पादन भएका वस्तु बजारीकरण गर्ने मुख्य सडक हो, बर्खामा यात्रा गर्न निकै कठिन छ, हिउँदमा पनि त्यत्ति सहज छैन ।'

फल्लेघरदेखि देउरालीसम्म कालोपत्र गरिने

बुर्तिबाङ–ढोरपाटन खण्डकै फल्लेघर–देउराली सडक कालोपत्रका लागि काम सुरु भएको छ । सालझण्डी–ढोरपाटन सडक आयोजनाले गत असार २७ गते ठेक्का सम्झौता गरेर काम अगाडि बढाएको हो । यस खण्ड सुरुमा ट्र्याक खुलेदेखि अहिलेसम्म स्तरोन्नतिनै भएको छैन ।

१६ करोड ४८ लाख २६ हजार २२८ रुपैयाँ लागतमा दुई वर्षमा सक्ने गरी काम सुरु भएको सालझण्डी–ढोरपाटन सडक आयोजना कार्यालयले जनाएको छ । सडक कालोपत्रका लागि पिटीआर अधिकारी कन्स्ट्रक्सनले जिम्मा पाएको सूचना अधिकारी कृष्टिना थापा बताउछन ।

तीन किलोमिटर सडक साह्रै साँघुरो हुँदा यात्रासमेत जाखिमपूर्ण हुने गरेको उहाँको भनाइ छ । अहिले सडक फराकिलो, नाली निर्माणको काम हुन थालेको थापाले बताए ।रासस

# ट्रकसहित म्याग्दी नदीमा खसेका चालकको उद्धार

**म्याग्दी।** म्याग्दीको बेनी–दरवाङ सडकअन्तर्गत बेनी नगरपालिका–४ र मङ्गला गाउँपालिका–२ को सिमानामा पर्ने फापरखेतको पहिरोबाट ट्रकसहित म्याग्दी नदीमा खसेका चालकको सुरक्षाकर्मीले उद्धार गरेका छन्।

सिमेन्ट बोकेर भैरहवादेखि दरवाङ जाँदै गरेको ग २ ख ०८४० नं को ट्रक फापरखेत पहिरोको घुमाउरो र साँघुरो सडकबाट सोमवार बिहान करिब २ः३० बजेको समयमा ६० मिटर तल म्याग्दी नदीमा खसेको थियो । ट्रकसहित चालक पाल्पाको तानसेन नगरपालिका–८ मदनपोखराका ३४ वर्षीय गोविन्दबहादुर खाम्चा म्याग्दी नदीमा खस्नुभएको थियो।

प्रहरी निरीक्षक सागर तिमिल्सिना र सिङ्गा तातोपानी प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक दिवाकर सुवेदीको १३ जना प्रहरीको टोलीले म्याग्दी नदीको पानीमा खसेको ट्रकभित्र रहेका चालक खाम्चालाई उद्धार गरेको हो । निधारमा चोट र शरीरको विभिन्न भाग ददारिएको अवस्थामा उद्धार गरिएका चालक खाम्चाको प्रदेश अस्पताल बेनीमा उपचार भइरहेको प्रहरी निरीक्षक तिमिल्सिनाले बताए।

उपचारमा संलग्न चिकित्सकका अनुसार चालकको अवस्था खतरामुक्त छ।

नदीभित्र रहेको ट्रक निकाल्ने प्रयास भइरहेको छ। प्रहरीका अनुसार ट्रकमा तीन सय ४० बोरा सिमेन्ट थिए। केही बोरा नदीमा खसेको र केही बोरा भिरमा अड्किएको छ।

फापरखेतको पहिरोले बर्खायाममा मङ्गला, मालिका र धवलागिरि गाउँपालिकालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी–दरवाङ सडक दैनिकजसो अवरुद्ध बनाउने र अन्य समयमा दुर्घटनाको जोखिम बनाएको छ।

उक्त ठाउँमा गत असोजमा पनि सिमेन्ट बोकेको ट्रक सडकबाट खसेको थियो।रासस

# एक हजार ८०० मिटर सडक आठ वर्षदेखि अलपत्र

**बाँके।** बाँकेको खजुरा बजारमा निर्माणाधीन एक हजार ८०० मिटर चारलेन सडक विगत आठ वर्षदेखि अलपत्र अवस्थामा रहेको छ । विक्रम संवत २०७४ चैत २९ गते गजुरमुखी कन्स्ट्रक्सन कम्पनी प्रालि इलामसँग बाँकेको खजुरा बजारमा एक हजार ८०० मिटर र बर्दियाको गुलरियामा दुई हजार २०० मिटर लम्बाइको सडक निर्माणका लागि २१ करोड ४९ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको थियो।

सम्झौता सुरु हुँदा २०७७ चैतमा सम्पन्न हुनुपर्ने भए पनि पटक–पटक म्याद थप गर्दासमेत ठेकेदार कम्पनीको लापर्बाहीले सडक निर्माणको काम हुन नसकेको खजुरा गाउँपालिकाका अध्यक्ष डम्बर विकले बताए। पुरानो निर्माण व्यवसायीबाट काम सम्पन्न नभएपछि स्थानीय बासिन्दा, जनप्रतिनिधि र गाउँपालिकाको मागका आधारमा हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जले ठेक्का सम्झौता रद्ध गरी उक्त सडक निर्माणका लागि नयाँ ठेक्का आह्वन गरेको छ।



पुरानो निर्माण व्यवसायीले काम सम्पन्न गर्न नसक्ने देखिएपछि ठेक्का सम्झौता रद्ध गरेर नयाँ प्रक्रिया अघि बढाइएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख डिभिजनल इञ्जीनीयर लीलाबहादुर भण्डारीले बताए।

सडक डिभिजनले ठेक्का प्रक्रिया तोडेपछि निर्माण व्यवसायी अदालत गएकोमा अदालतबाट अन्तरिम आदेश जारी नभएपछि स्थानीयको मागअनुसार हुलाकी सडक आयोजनाले सडक निर्माण कार्य अघि बढाउने चासो लिएको उनको भनाइ छ । उनका अनुसार, खजुरा खण्डमा बाँकी रहेको सडक निर्माणका लागि करिब १० करोड रुपैयाँको लागत लाग्ने अनुमानसहित ठेक्का आह्वान गरिएको छ। नेपालगञ्ज–गुलरिया सडक विस्तार र खजुरास्थित पेडारी नालामा चार लेनको पुल निर्माण प्रक्रिया अघि बढेसँगै अलपत्र सडक निर्माणमा हुलाकी सडक आयोजनाले विशेष चासो देखाएको हो । बाँकेको खजुरा बजार र बर्दियाको सदरमुकाम गुलरियामा अधुरो रहेको दुई हजार २०० मिटर सडक गरी दुवै सडक नयाँ प्रक्रियाबाट छ महिनाभित्र काम सम्पन्न गर्नेगरी लागिपरेको उनको भनाइ छ । हुलाकी राजमार्गले नेपालगञ्ज–गुलरिया चार लेन सडकको काम गरिरहेकाले त्यसको बीचमा अलपत्र परेको खजुरा सडक पनि निर्माण गर्ने प्रक्रिया अघि बढाएको हो । नयाँ ठेक्का सम्झौताअनुसार सडकको बाँकी काम आगामी असार १५ गतेभित्रै सम्पन्न गरिसक्नुपर्ने लक्ष्य राखिएको छ। यससँगै अब खजुरा बजारका स्थानीय बासिन्दाको लामो समयदेखिको अधुरो सडक निर्माण हुने अपेक्षा बढेको खजुरा गाउँपालिकाका अध्यक्ष विकले बताए।रासस

# दुर्लभ प्रजातिका दुई वटा कछुवाको उद्धार

**झापा ।** मेचीनगर नगरपालिका–२ बौद्धमोडबाट दुई वटा दुर्लभ प्रजातिको कछुवाको आइतबार उद्धार गरी ती कछुवालाई बाहुनडाँगी प्रहरी चौकीमा सुरक्षित राखिएको छ ।

स्थानीय सुरेन्द्रकुमार महतले फेला पारेका ती फरक दुई प्रजातिका कछुवा आफ्नै घरमा राख्दै आएका थिए । वन्यजन्तु संरक्षणकर्मी शंकर लुइँटेलले दुर्लभ प्रजातिको कछुवाको संरक्षण आवश्यक रहेको बताउँदै महतको घरबाट ती कछुवा उद्धार गर्नुभएको हो । संरक्षणकर्मी लुइँटेलले डिभिजन वन कार्यालय झापालाई कछुवा उद्धार गरिएको जानकारी दिएको बताए । उद्धार गरिएका कछुवालाई डिभिजन वन कार्यालयमार्फत अर्जुनधारामा रहेको कछुवा प्रजनन तथा संरक्षण केन्द्रमा राखिने उनले जानकारी दिए ।रासस

# छोरीलाई जैमिनीको मुद्दती खाता

**बागलुङ ।** जैमिनी नगरपालिकाले 'जैमिनीको छोरी' कार्यक्रम अन्तर्गत आफ्नो नगरक्षेत्रमा जन्मिएका ४१ जना छोरीलाई मुद्दती खाता खोलिदिएको छ । नगरपालिकाले छोरी जन्माउनेलाई प्रोत्साहन गर्न गत आर्थिक वर्षदेखि नगरभित्र जन्मेका छोरीलाई मुद्दती खाता खालिदिन सुरु गरेको थियो ।

चालु आर्थिक वर्षमा जन्मेका छोरीको खाता खोल्न बाँकी रहेको जैमिनी नगरपालिकाका नगर उपप्रमुख हरिहर शर्माले जानकारी दिए ।

प्रत्येक छोरीलाई दुई हजार ५०० रुपैयाँ का दरले नगरपालिकाको तर्फबाट खातामा रकम जम्मा गरेर खाता उपहार प्रदान गरिएको प्रमुख शर्माले बताए । उक्त मुद्दती खातामा चक्रिय ब्याज आउने गरी बैङ्कसँग समन्वय गरिएको छ ।

'छोरीको भ्रुणहत्या रोक्न, छोरीप्रतिको सकारात्मक सोचको विकास गर्दै जन्मेपछि जन्मदर्ता गर्ने प्रकृतिको विकास गर्न यो कार्यक्रम ल्याइएको हो', प्रमुख शर्माले भने, 'गत वर्ष निर्देशिका बनाउन समय लाग्यो, केही छोरीहरू छुटेका समेत छन्, चालु आर्थिक वर्षमा गत आर्थिक वर्षदेखि यता जन्मेका नगरका सबै छोरीको मुद्दती खाता खोल्निछ ।'

छोरी जन्मेपछि वडा कार्यालयमा जन्मदर्ता गर्न आउँदा नगरपालिकाले मुद्दती खाता खोलेर सो रकम जम्मा गरिदिने र अभिभावकसमेतलाई उक्त खातामा दक्षअनुसार रकम जम्मा गर्न अनुरोध गर्दै आएको छ ।रासस

# तुलसीपुर औद्योगिक ग्राममा संरचना बन्दै



**दाङ ।** दाङको तुलसीपुर उपमहानगरपालिका–१६ स्थित औद्योगिकग्राम निर्माणाधीन क्षेत्रमा संरचना बन्न थालेका छन् । अहिले सरसफाइ प्रशोधन गर्ने उद्योगले संरचना निर्माण थालेको छ ।

स्मार्ट मल्टिकन्सेप्ट ग्रुप प्रालिले फोहर सङ्कलन, प्रशोधन गरेर प्लास्टिकजन्य वस्तु निर्माणका लागि कच्चापदार्थ तयार गर्नेछ । सञ्चालक रवीन्द्र विक्रम केसीका अनुसार बजारमा अहिले फोहर व्यवस्थापन चुनौतीपूर्ण रहेकाले उक्त उद्योग स्थापना गर्न लागिएको हो ।

त्यस्तै सोही उद्योगले कृषिजन्य वस्तु खरिद गर्ने, प्रशोधन गरेर बजारीकरण गर्नेसमेत योजना बनाएको उनले बताए । अहिलेको युवा जनशक्तिलाई स्वदेशमै रोक्नुका साथै कृषि क्षेत्रमा देखिएको बजारीकरणको समस्यालाई रोक्नका लागि यस्तो कार्य गरिएको उनको भनाइ थियो ।

त्यस्तै उनले तुलसीपुरमा अग्नि नियन्त्रणका लागि फायर फाइटरको 'रिफुलिङ'समेत गर्नेगरी तयारी गरेको बताए । 'हामीले गर्न खोजेको सामाजिक अभियान हो', उनले भने, 'यहाँको फोहर प्रशोधन गरेर रबर उद्योग, कृषिको बजारीकरण र अग्नि नियन्त्रण कार्यमा हाम्रो भूमिका रहनेछ ।' करिब ३३ लाख रुपैयाँ को लागतमा उक्त संरचना निर्माण गर्न लागेको उनको भनाइ छ ।

तुलसीपुर उपमहानगरपालिकाका प्रमुख टीकाराम खड्काले सोही उद्योग ग्राममा आफै संरचना बनाएर व्यवसाय सञ्चालन गर्न चाहेमा पाँच वर्षको कर छुट गर्नेसमेत बताए । उपमहानगरपालिकाले संरचना बनाएमा भने न्यूनतम कर तिर्ने व्यवस्था मिलाउने बताए ।

साथै उद्योग ग्रामको सुरक्षाका लागि आवाससहित नगर प्रहरीको समेत व्यवस्था गर्ने उनले बताए । ग्वारखोलाको किनारमा उक्त उद्योग ग्राम निर्माण हुन लागेको हो । जहाँ एक सय तीन जनाले अतिक्रमण गरेर घर टहरा बनाएका थिए । ती घर टहरा बनाएकालाई प्रति घरलाई डेढ कठ्ठा दिएर उद्योग ग्रामका लागि जग्गा छुट्याइएको थियो । हाल १३ बिगाहा जग्गामा उद्योगग्राम निर्माण गर्न थालिएको छ । केही समयअघि उद्योगग्रामस्थलमा पर्खालसमेत लगाइएको छ । सोही उद्योगग्राम क्षेत्रमा संरचना निर्माणका लागि उपमहानगरपालिकाले ५० लाख रुपैयाँ बजेटसमेत छुट्याइएको छ । औद्योगिक ग्राम निर्माण भएमा व्यवसायीलाई निकै सहज हुने ग्रिल व्यवसायी ओमबहादुर वलीले बताए ।

अहिले बजारमा हुँदा निकै समस्या हुने गरेकोसमेत उनको भनाइ छ । साथै छापाखाना व्यवसायी शालिकराम बस्नेतले पनि उद्योगग्राम निर्माण भएमा आफूहरूलाई भाडा पनि सस्तो हुने र सहज पनि हुने बताए । रासस

# एड्ससँगै यौन रोगको समस्या बढ्न थाल्यो

**चितवन ।** जिल्लामा भएका एचआईभी एड्सका सङ्क्रमितमध्ये यौन रोग सङ्क्रमितको सङ्ख्या बढ्दो क्रममा रहेको छ । यहाँ रहेका एचआईभी एड्स सङ्क्रमितमध्ये ३५ जनामा यौन रोग देखिएको पाइएको छ । भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा प्रमोद पौडेलका अनुसार विगत १० महिनामा गरिएको एक हजार ४० जनाको परीक्षणका क्रममा सो सङ्ख्यामा यौन रोगी भेटिएको हो । उनीहरूलाई भिरिङ्गी रोग देखिएको हो । उहाँका अनुसार असुरक्षित यौन सम्पर्क गर्दा सङ्क्रमितमा यौन रोग बढ्न थालेको हो ।

अस्पतालका अनुसार एड्स सङ्क्रमितमध्ये सात जनामा क्षयरोग देखिएको छ । त्रियानब्बे जनाको परीक्षणका क्रममा सो सङ्ख्यामा यो रोग देखिएको हो । जिल्लामा हाल एक हजार दुई सय ४३ जना एड्स सङ्क्रमित रहेका छन् । जसमध्ये ३४ जनाले माडीको बघौडा अस्पतालबाट औषधि सेवन गरिरहेका छन् भने एक हजार २०९ जनाले भरतपुरमा रहेको एआरटी सेन्टरबाट औषधि सेवन गर्दै आएका छन् ।

विगत १० महिनामा जिल्लाका विभिन्न स्थानमा गरिएको परीक्षणका क्रममा ६६ जना नयाँ सङ्क्रमित भेटिएको पौडेलले जानकारी दिए । दुई सय ८५ जनाको परीक्षणका क्रममा सो सङ्ख्यामा एड्स सङ्क्रमित भेटिएको उनले बताए । उनका अनुसार यस अवधिमा भरतपुर अस्पतालको एआरटी सेन्टरमा औषधि सेवनका लागि १०४ जना बिरामी थपिएका छन् । यहाँ थपिएका नयाँ सङ्क्रमितसहित अन्य जिल्लाबाट स्थानान्तरण भएका बिरामीसमेत यहाँबाट सेवा लिने गरेको उनले बताए ।

भरतपुर अस्पतालमा रहेको एड्स हेल्थ फाउण्डेसनका कार्यक्रम संयोजक कृष्णहरि सापकोटाका अनुसार यहाँबाट औषधि खाँदै आएका ६५ जना बिरामी स्थानान्तरण भएका छन् । अठ्ठाइस् जनाले औषधि सेवन गर्न छाडेको उनले जानकारी दिए । यहाँ रहेका सङ्क्रमितमध्ये १३ जनाको मृत्यु भएको उनले बताए । एड्स रोग लागेका सङ्क्रमितलाई हेर्ने दृष्टिकोणमा अझै परिवर्तन आउन नसकेको उनले बताए । सङ्क्रमितहरूलाई उपचारका लागि अस्पताल ल्याउनका लागि एम्बुलेन्सहरूलेसमेत गाह्रो मान्ने गरेका उनको भनाइ छ ।रासस

# स्व. नरेश सर्राफ स्मृति पत्रकारिता पुरस्कार आशु सर्राफलाई




**मधेशदृष्टि**
**वीरगंज।**
स्व. नरेश सर्राफको स्मृति पत्रकारिता पुरस्कार २०८२ बाट पत्रकार आशु सर्राफ सम्मानित भएका छन्।
तेस्रो स्मृति सभाको अवसरमा सोमबार नेपाल पत्रकार महासंघ पर्साको सभाहलमा आयोजित समारोहमा सर्राफलाई कार्यक्रममा प्रमुख अतिथिसमेत रहेका पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले नगद २१ हजार रुपैयाँसहित पुरस्कार प्रदान गरे । समाजवादी प्रेस संगठन नेपाल जिल्ला कार्य समिति पर्साले आयोजना गरेको कार्यक्रममा वक्ताहरूले स्व. नरेश सर्राफको पत्रकारिता क्षेत्रमा गरेको योगदानलाई स्मरण गर्दै उनी आजका पत्रकारका लागि प्रेरणादायी व्यक्तित्व भएको टिप्पणी गरे।
स्व. सर्राफले स्थापित गरेको मूल्य, प्रतिबद्धता र निष्ठाले नवीन पुस्ताका पत्रकारलाई सही दिशानिर्देशन दिएको उनीहरूको भनाइ थियो । पत्रकार आशु सर्राफलाई प्रदान गरिएको यस वर्षको पुरस्कारले निष्पक्ष, उत्तरदायी र समाजमुखी पत्रकारितालाई थप प्रोत्साहन र ऊर्जा प्रदान गर्ने आयोजकले अपेक्षा गरेको छ।

# फुटपाथका पसलमा उपमहानगरको 'अनदेखा'

**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
विश्व सम्पदासूचीमा समावेश हुने तरखरमा रहेको जनकपुर शहर यति अव्यवस्थित छ कि त्यो त्यहाँ जाने जो कोहीले पनि सजिलै महसुस गर्न सक्छन् । जनकपुरको शानको रुपमा रहेको जानकी मन्दिरको आडैमा फुटपाथ पसल बग्रेल्ति छन् । त्यहाँ मन्दिरमा पूजा गर्न आउने भक्तालुका लागि चाहिने फूलका साथै प्रसादका पसल छन् । ती पसलकै कारण मन्दिरको शोभा कुरुप बनाइरहेकोतर्फ कसैको ध्यान पुगेको भने देखिदैँन ।
पसलका कारण भक्तालु र पर्यटकलाई हिँड्नै मुस्किल हुने गरेको छ । मन्दिर परिसर मात्र नभई अन्यत्र (शहरभर) पनि त्यस्तै समस्या छ । मान्छे मात्र नभई सवारीसाधन पनि लेनको अनुशासन पालना नगरी गुडाउँदा सवारी जाम त्यत्तिकै हुने गरेको छ । बाटोमा जताततै फुटपाथ व्यापारीका कारण सडक जाम हुने गरेको छ । मान्छे छिर्न र सवारीसाधन पास गराउन निकै सकस भएको स्थानीयले गुनासो गरेका छन् । कोही बिरामी भए बिरामीलाई समयमै अस्पताल पु¥याउनसमेत समस्या हुने गरेको छ । जनकपुर उपमहानगरपालिकाले बाटो नै छेकेर थापेका पसललाई हटाउनुपर्ने हो, तर फुटपाथमा समेत पसल लगाउने अनुमति दिएर असुलउपर(बट्टी) उठाउने गरेको पाइएको छ । यसबाट वार्षिक ३७ लाख ५७ हजार ७ सय ८६ रुपैयाँ आम्दानी हुने भनेर फुटपाथ ठेक्कामा लगाइएको छ । नाम नबताउने सर्तमा एक व्यापारीले आफूहरुलाई उपनगरपालिकाको हवाला दिँदै पैसा उठाएर लैजाने र पैसा नदिए सामान फालिदिनेजस्ता दुःख दिदै आएको गुनासो गरे । जनकपुरको विकास भए पनि पनि यहाँको अव्यवस्थित रहनसहनका कारण बाहिरबाट देखिएको जनकपुरको सौन्दर्यतालाई मेटाउने काम गरेको अगुवाहरुले भन्ने गरेका छन् । बाहिरबाट जनकपुरको नाम लिएर घुम्न आउने पर्यटक नाक खुम्च्याउँदै हिड्नुपर्ने बाध्यता छ । यस विषयमा मधेशद्दष्टिले झक्झक्याउने कार्य गरे पनि सरोकारवाला निकायले कानमा तेल हालेर बसेको देखिन्छ ।
जनकपुरको बृहत्तर विकासका लागि स्थानीय निकायका जनप्रतिनिधिदेखि सरोकारवाला सबैले ध्यान दिएर लाग्नुपर्ने देखिन्छ । यसमा सबैभन्दा बढी उपमहानगरपालिकाले अग्रसरता देखाउनु पर्ने देखिन्छ । धूवा, धूलो र सवारी साधनले गराउने उच्चतम् ध्वनिलाई कम गराउन सोहीअनुसारको व्यवस्था मिलाउनुपर्ने हुन्छ । यसका लागि उपमहानगरपालिका प्रहरी प्रशासन, ट्राफिक प्रहरी, यहाँका विभिन्न क्लबले अग्रसरता देखाउनुपर्दछ । शहर र नगरको विकासका लागि एकले अर्काको मुख नताकी सबै मिलेर अगाडि बढ्नु आवश्यक देखिन्छ । तब पो सुन्दर शान्त र समृद्ध जनकपुरको महत्व विश्वमाझ अझै चम्काउन सकिन्छ कि ?

# ऐच्छिक प्रणालीले कम्प्युटर शिक्षा कमजोर



**मधेशद्दष्टि**
**वीरगंज ।**
तीन वर्ष अगाडिसम्म अनिवार्य रूपमा पढाइँदै आएको कम्प्युटर शिक्षा ऐच्छिक बनाएपछि अहिले पर्सा जिल्लाका अधिकांश सामुदायिक विद्यालयमा कम्प्युटर विषयको पठन पाठन कमजोर बन्दै गएको छ । कम्प्युटर शिक्षा अनिवार्य भएपछि विद्यालयले कम्प्युटर ल्याब निर्माणदेखि उपकरण खरिदसम्म तयारी गरेका भए पनि अहिले विषयगत शिक्षक अभाव र ऐच्छिक प्रणालीका कारण कम्प्युटर शिक्षा कमजोर बन्दै गएको हो ।
अघिल्लो संरचनामा अनिवार्य भएकाले धेरै सामुदायिक विद्यालयहरूमा कम्प्युटर ल्याब स्थापना गरिएको थियो । केही विद्यालयमा प्रयोगात्मक शिक्षा राम्रो थियो भने कतिपयमा नाम मात्रको अध्यापन हुँदै आएको थियो । ल्याब त निर्माण भयो तर प्रयोगात्मक कक्षा चलाउने प्राविधिक जनशक्ति अभाव हुँदा समस्या भएको शिक्षकहरूको गुनासो छ ।
ऐच्छिक बनेसँगै विद्यालयमा कम्प्युटर पढाउने विद्यार्थी संख्या दिनप्रतिदिन घट्दै गएको छ । विषयगत शिक्षक नहुँदा अन्य विषयका शिक्षकमार्फत कक्षा सञ्चालन हुने गरेको र यसले विद्यार्थीहरूको जिज्ञासा समाधान तथा प्रयोगात्मक सीप विकासमा बाधा पुगेको विद्यार्थीहरूको गुनासो छ ।
प्रयोगात्मक कार्य रोकिएपछि विद्यार्थीको लगाव झनै कम हुँदै गएको छ ।
पोखरिया नगरपालिकाको रानीगंजस्थित पद्म महोवनी माध्यमिक विद्यालयका प्रधानाध्यापक पर्वत ठाकुरका अनुसार अनिवार्य शिक्षा अवधिमा खरिद गरिएका सात थान कम्प्युटर अहिले प्रयोगविहीन अवस्थामा बक्सामै थन्किएका छन् । 'विषयगत शिक्षक छैनन्, पढाइ पनि हुँदैन । विद्यार्थीको गुणस्तर वृद्धि होस् भनेर गरिएको लगानी अहिले बेकार भएको छ,' प्रधानाध्यापक ठाकुरले बताए । पोखरिया नगरपालिकाभित्रका जिल्ला उच्चाङ्गल रामदेव कलवार मावि, नेपाल राष्ट्रिय मावि जगतपुर, नेपाल राष्ट्रिय कन्या मावि सतवरिया लगायत विद्यालयहरूमा ७ देखि १५ वटासम्म कम्प्युटर रहे पनि विषयगत शिक्षक अभावकै कारण कम्प्युटर शिक्षा प्रभावित बनेको छ । ल्याब भए पनि प्रयोगात्मक कक्षा सञ्चालन नहुँदा पूर्वाधार उपयोग नै ठप्प छ ।
विषयगत शिक्षकको अभाव, ऐच्छिक बनाइएको प्रणाली र प्रयोगात्मक कक्षा नचल्दा पर्सा जिल्लामा कम्प्युटर शिक्षाको गुणस्तर कमजोर हुँदै गएपनि यसतर्फ सम्बन्धि निकायले ध्यान नदिएको विद्यार्थीहरूको आरोप छ ।

# अतिक्रमण हटाउन सडक डिभिजनलाई पत्राचार

**मधेशदृष्टि**
**बारा।**
जीतपुरसिमरा उपमहानगरपालिकाले त्रिभुवन राजपथ र महेन्द्र राजमार्गमा बढ्दै गएको सडक अतिक्रमण, फुटपाथ ओगट्ने टहरा–पसल र नालामा जथाभावी ढलान जस्ता गतिविधि तत्काल हटाउन सडक डिभिजन कार्यालय हेटौँडालाई पत्राचार गरेको छ । उपमहानगरपालिकाले अव्यवस्थित सडक क्रसिङका कारण सर्वसाधारणबाट निरन्तर गुनासो आइरहेको र यसले पैदलयात्री, विशेषगरी विद्यालय जाने बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षित आवत–जावतमा गम्भीर समस्या सिर्जना गरेको जनाएको छ।
विगतमा विभिन्न सरकारी निकायसँग सहकार्य गरेर सचेतनामूलक कार्यक्रम चलाए पनि प्रभावकारी परिणाम नआएको नगरपालिकाको भनाइ छ । नालामा ढलान गर्दा वर्षायाममा पानी निकास अवरुद्ध हुने, सडकमै पानी बग्ने र दुर्घटनाको जोखिम बढ्ने उल्लेख गरिएको छ । यसैक्रममा बिग्रँदै गएको सडक संरचनाकै कारण सवारी दुर्घटना तथा मानवीय क्षति बढेको तथ्य पनि प्रस्तुत गरिएको छ। नगर प्रमुख राजन पौडेलले अवैध अतिक्रमण हटाउने, नाला सफा गर्ने, अव्यवस्थित क्रसिङ व्यवस्थित पार्ने र क्षतिग्रस्त सडक खण्ड मर्मत गर्न तत्काल आवश्यक कारबाही गर्न आग्रह गरेका छन् । सुरक्षित यातायात र दिगो सडक व्यवस्थापनका लागि जिल्ला प्रशासन कार्यालय बारा तथा जिल्ला ट्राफिक कार्यालय निजगढलाई समेत जानकारी गराइएको उपमहानगरपालिकाले जनाएको छ।

# पर्सागढीको राजस्व लक्ष्यमा चुनौती

**मधेशद्दष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिकाले चालु आर्थिक वर्ष २०८१–८२ का लागि आन्तरिक आयबाट तीन करोड २६ लाख ६० हजार रुपैयाँ राजस्व सङ्कलन गर्ने महत्वाकांक्षी योजना बनाए पनि लक्ष्य अनुसार आम्दानी जुट्न सकेको छैन । नगरपालिकाले वर्षभरिमा आन्तरिक आयबाट मुस्किलले लक्ष्यको ३१ दशमलव ७३ प्रतिशत मात्रै राजस्व उठाउन सफल भएको छ ।
नगरपालिकाले अहिलेसम्म आन्तरिकतर्फबाट जम्मा एक करोड तीन लाख ६५ हजार नौ सय ९० रुपैयाँ मात्र संकलन गरेको छ ।
पछिल्ला वर्षमा स्थानीय तहले आन्तरिक आयस्रोत विस्तार गर्न नसक्दा मधेश प्रदेशका धेरै पालिका आर्थिक रूपमा थप कमजोर बन्दै गएको देखिएको छ ।
यसअघि आव २०८०–८१ मा पनि पर्सागढी नगरपालिकाले छ करोड ७९ लाख ९९ हजार सात सय ७३ रुपैयाँ उठाउने लक्ष्य राखे पनि जम्मा एक करोड २४ लाख १० हजार एक सय ८२ रुपैयाँ मात्र राजस्व संकलन गर्न सकेको थियो ।
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजुप्रसाद साहका अनुसार आन्तरिकतर्फको आयस्रोत सीमित तथा करको दायरा विस्तार नहुँदा लक्ष्यअनुसार राजस्व उठाउन कठिनाइ भएको छ ।

# ४६ वर्षपछि मिनापको आफ्नै नाटक घर



**मधेशद्दष्टि**
**जनकपुरधाम ।**
मैथिली रंगमञ्चको क्षेत्रमा विगत ४ दशकदेखि काम गर्दै आईरहेको संस्था मिथिला नाट्य कला परिषद् (मिनाप)को नाटक घरको उदघाटन गरिएको छ । सोमबार मिनापको नवनिर्मित नाटक घरको उदघाटन मैथिलीका बरिष्ठ साहित्यकार डा. राजेन्द्र प्रसाद विमल तथा प्रसिद्ध नाटककार महेन्द्र मलंगियाले संयुक्त रुपमा गरेका छन् ।
जनकपुरधाम–४ स्थित लगभग २ करोड रुपैयाँको लागतमा नाटक घरको निर्माण कार्य भएको मिनापका अध्यक्ष प्रमेश झाले जानकारी दिए ।
मिनापले निर्माण गरेको नाटक घरमा ३ सय दर्शक अटाउने क्षमता रहेको अध्यक्ष झाले बताए । दैनिक रूपमा नाटक मञ्चन गर्ने उद्देश्यले नाटक घरको निर्माण गरिएको उनले बताए ।
नाटक घरको सञ्चालनले मैथिली नाटक क्षेत्रको विकासमा थप मद्दत पुग्नुका साथै कलाकारलाई जीविकोपार्जनमा ठूलो मद्दत पुग्ने उद्घाटन कार्यक्रममा सहभागी व्यक्तिहरुले बताए । २०३६ साल कातिक १९ गते स्थापना भएको मिनाप नेपालकै पुरानो नाट्य संस्थामध्ये एक हो ।
मिनापलाई आफ्नो नाटक घर पाउन ४६ वर्षको लामो अवधि पार गर्नु परेको अनुभव मिनापका पूर्वअध्यक्ष सुनिल मिश्रले सुनाए । उनले १ धुर जग्गामा बनाइएको झोपडीबाट शुरु भएको मिनापको यात्रा ३ कठ्ठा जग्गामा निर्माण गरिएको आफ्नै नाटक घरसम्म आइपुग्दा सुनौलो लागिरहेको बताए ।
कार्यक्रममा मिनापको नाटक घर निर्माणमा सहयोग गर्ने दाताहरुलाई सम्मान गरिएको थियो । यसका साथै महेन्द्र मलंगियाद्वारा लिखित नाटक 'छुतहा घैल' प्रमेश झाको निर्देशनमा मिनापका कलाकारहरुले मञ्चन गरेका थिए ।

# भूमि आयोग खारेज गर्ने सरकारको निर्णय खारेज

**मधेशदृष्टि**
**काठमाडौँ।**
भूमि समस्या समाधान आयोग खारेज गर्ने सुशीला कार्की नेतृत्वको सरकारले गरेको निर्णयलाई सर्वोच्च अदालतले रद्द गरेको छ । जेन्जी आन्दोलनको दबाबपछि सत्तामा पुगेकी कार्कीले सुशासन कायम गर्ने उद्देश्यसहित असोज २३ गते जारी 'भूमि समस्या समाधान आयोग गठन आदेश, २०८१' अनुसार बनेको आयोग तथा सबै जिल्ला समिति खारेज गर्ने निर्णय लिएको थियो।
निर्णयविरुद्ध आयोगका अध्यक्षले कात्तिक ९ गते दायर गरेको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतमा न्यायाधीश शारङ्गा सुवेदी र श्रीकान्त पौडेलसमेतको संयुक्त इजलासले सरकारको कदम कानुनसम्मत नभएको ठहर गर्दै खारेज गर्ने निर्णय बदर गरिदिएको हो।
सरकारले गत वर्ष कात्तिक १३ गते आयोग गठन गरी हजारौँ भूमिहीन नागरिकबाट निवेदन संकलन गर्दै जग्गा वितरण प्रक्रिया अगाडि बढाएको थियो। यही प्रक्रियाबीच सरकारले आयोग नै विघटन गरेपछि विवाद उत्पन्न भएको थियो, जसलाई अब सर्वोच्चको आदेशले उल्टाइदिएको छ।

# रोशनी मृत्यु प्रकरणः पति र ससुरा पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिका–४, कटैयाचौरीमा २७ वर्षीया रोशनी झाको शंकास्पद मृत्यु भएको घटनाले तनाव उत्पन्न गरेको छ।
गत बिहीबार राति घरमै मृत फेला परेकी रोशनीको मृत्यु आत्महत्या वा हत्या भन्ने विषयमा विवाद देखिएपछि प्रहरीले अनुसन्धान शुरु गरेको छ र मृतकका श्रीमानलाई नियन्त्रणमा लिएको छ।
मृतक रोशनीका घरका सदस्यहरूले उनले पासो लगाएर आत्महत्या गरेको भन्दै माइती पक्षलाई जानकारी दिएका थिए। तर, रोशनीको माइत पक्षले भने घरका सदस्यहरू मिलेर उनको हत्या गरेको गम्भीर आरोप लगाएको छ।
रोशनीका पति प्रशान्त मिश्र र ससुरा रुद्रनारायणमिश्र विरुद्ध माइती पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा उजुरी दिएका छन्।
उजुरीका आधारमा प्रहरीले दुवै जनालाई नियन्त्रणमा लिएको छ।
धनुषाका प्रहरी प्रवक्ता डिएसपी गणेश बमले माइती पक्षबाट असुरक्षित महसुस भएकाले उनीहरूलाई सुरक्षाका लागि नियन्त्रणमा लिइएको बताए पनि घटनाबारे अनुसन्धान जारी रहेको स्पष्ट पारेका छन्।
यसैबीच, मृतकका माइती पक्षका परिवारले जिल्ला प्रहरी कार्यालय धनुषा अगाडि विरोध प्रदर्शन गरेका छन् । उनीहरूले घटनामा श्रीमान दोषी रहेको भन्दै कारबाहीको माग गर्दै बिहानैदेखि जिल्ला प्रहरी कार्यालय धनुषा अगाडि विरोध प्रदर्शन गरेका हुन्। जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रमुख रुगमबहादुर कुँवरले घटनाको निरीक्षण गरिएको र घटनाको सुक्षण रुपमा अनुसन्धान भइरहेको जानकारी दिए।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन